Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष-१५ , अंक- २, २०७९ साल साउन १० गते मंगलबार (July 26, 2022) www.janaakash.com.np मूल्य रु १०।-

**जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित**

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)

मोबाइल: ९८६१५८८४५६

Email: jana.news2065@gmail.com

# नेपालमुखी कार्यक्रम कहिले आउँछ ?

**मोहन कार्की ।**

काठमाडौ । नेपालमा राजनीतिक पार्टीहरुले गर्दै आएको भाषण धेरै खालका सुनियकै छन् । तर व्यवहारमा भने भाषण गरेको जस्तो कुनैको पनि देखिएको छैन । नेपालमा राजनीतिक सिलसिलवार चर्चामा आएको २००७ साललाई मानिन्छ । अहिले सत्तामा रहेका पार्टी यही २००७ सालसँग जोडिएका छन् । २००७ सालपछि भएका परिवर्तनहरुले कुनैपनि राजनीतिक पार्टीहरुले नेपालमुखी कार्यक्रमा प्रस्तुत गरिएको देखिदैन । नेपालमुखी कार्यक्रम ल्याउने पार्टीहरु भएपनि कार्यक्रमलाई कार्यन्वयन गर्न सकेका छैनन् ।

राजनीतिक पार्टीहरुले आफ्ना घोषणा पत्रहरुमा देश र जनताको लागि भनेर लेखिएका त छन् । तर व्यवहार उल्टो गर्दै लगिरहेका छन् यसरी उल्टो तर्फ व्यवहार लगेकै कारण नेपाल पछिल्लो अवस्थामा आइपुग्दा देशको जर्जर आर्थिक समस्याले नेपाललाई गाज्दै लगेको छ । नेपालका आफ्नै उत्पादन केही बनस्पति घ्यु, तेल, तामाको तार, सिमेन्ट, केही फलामे छड, जुत्ता-चप्पललगायतमा आंशिक प्रगति भएको भएपनि अधिकाँस सामानहरु विदेशबाट आयात गर्नुपर्ने बाध्यतामा देश पुगिसकेको छ ।



आयत र निर्यातको समानता नमिल्दा देशले ब्यापार घाटा व्यहोर्नु परेको छ । यस्ता समस्याहरु आजको आजै आएका भने होइनन् । देशमा परिवर्तन ल्याउन गरिएका क्रान्तिपछि आएका उदारीकरण नकारात्मक नीति पनि उत्तिकै जिम्मेवार छन् ।

राजनीतिक पार्टीहरुले जनताको स्वतन्त्रताको लागि गरेको प्रजातान्त्रिक आन्दोलन सही भएपनि त्यस आन्दोलनपछि देशको दिर्धकालीन विकासका लागि गर्नुपर्ने काम जस्तै उद्योग, कलकारखान, व्यापार नेपालको अर्थतन्त्रलाई फराकिलो बनाउने र राष्ट्रिय-अन्तराष्ट्रियस्तरमा समेत प्रतिस्पर्धा गराउने गरी काम थाल्नुपर्ने थियो ।

त्यो नेपाली काँग्रेस जसले नेपालमा प्रजातान्त्रिक समाजवाद, कम्युनिष्ट खेमाहरुले अगाल्दै आएको मार्क्सवादी सिद्धान्तको जनताको अधिनायकत्वको समाजवाद जे-जे नाम दिएपनि एउटै उद्देश्य त्यो हुनुपर्‍थ्यो देशको अर्थतन्त्र बलियो र आत्मनिर्भरमुखी जसले देशलाई स्वाभिमानका साथ रक्षा गर्न सकोस् । ति कामहरु नेपालमा २००७ सालदेखि स्थापित हुदै आएको नेपाली काँग्रेस र नेपाल कम्युनिष्ट पार्टीहरुले गरेनन् । त्यो जानेर गरेनन् वा नजानेर त्यसको एकिन भएको छैन ।

तर राजनीतिक पार्टीहरुले दिर्धकालीन रुपमा ति खालका योजनाहरु नबनाएको कारण प्रजातन्त्रको स्थापना भएको ७२ बर्षको अन्तरालसम्म आइपुग्दा नेपालको अर्थतन्त्रमा नकरात्मक संकेत गर्दै गएको छ भने अर्कोतर्फ समाजपनि परनिर्भरमुखी हुदै गएको छ ।

नेपालमा हुर्किदै गरेका युवापुस्ताहरु जसले बढीमा प्लस टु पास गर्ने वित्तिक्कै देश छोडेर विदेश पलायन हुने स्थितिमा पुर्‍याएको छ । यस्तो स्थितिमा पुर्‍याउने मुख्य कारण भनेको देशभित्र सम्भावना र अवसरहरु सृर्जना गराउन नसक्नु, विश्वसनीय वातावरण नवनाउनु जस्ता कारणहरुले युवा पुस्तामा पारेको नकरात्मक असरहरु देखिएका छन् ।

ति नकरात्मक असरहरु देखिए पनि तिनै युवा पुस्ताहरुले विदेशमा गई कमाएर बाँकी ६ पृष्ठमा

# बिष्णु गिरी सम्मानित

काठमाडौ । कानुन ब्यबसायी बिष्णु गिरी बिशेष नागरिक सम्मानबाट सम्मानीत भएका छन् । नागकिक क्रियशनको बार्षिक उत्सवको अवसर पारेर कानुन तथा न्यायको क्षेत्रमा उल्लेख्य योगदान गरेको भन्दै अधिवक्ता बिष्णु



गिरीलाई स्वास्थ्य तथा जनसंख्या मन्त्री भवानी प्रसाद खापुङ्गको प्रमुख आतिथ्यमा सम्मान गरेका हुन् । खोटाङको सामान्य परिवारमा जन्मिएका अधिवक्ता बिष्णु गिरी मेहनत, इमानदारिता कारण नै कानुन ब्यबसायको क्षेत्रमा आफुलाई अब्बल साबित गदै अगाडि बढेका छन् । लामो समय पत्रकारीता क्षेत्रमा क्रियाशिल भएर कानुन ब्यबसायमा आएका अधिवक्ता गिरीले अनलाईन दर्ता खारेजी, पत्रकारलाई खोप ब्यबस्थापन, नागरिकता अध्यादेश खारेजी जस्ता राष्ट्रिय मुद्धा जितेपछि चर्चामा छन् । अधिवत्ता गिरी पैसा खर्च गर्न नसक्नेको लागि निःशुल्क कानुनी सहयोग गदै आएका छन् । बहुआयामिक अनुभव भएका अधिवत्ता गिरीसँग लामो पत्रकारिता बाँकी ६ पृष्ठमा

# पूर्वप्रधानमन्त्रीहरुलाई चुनाव जित्न कठिन

काठमाडौं । प्रधानमन्त्री शेरबहादुर देउवाले ६ पटक पटक प्रधानमन्त्री समेत भइसकेका छन् ।



डडेलधुराबाट चुनाव जितिसकेका छन् । एकपटक त उनले डडेलुधरासहित कैलालीबाट पनि चुनाव जितेका थिए । देउवा पाँच

नेपाली काँग्रेसका अहिलेका नेतामध्ये कहिले चुनाव नहार्नेमध्येका देउवा र विजयकुमार गच्छेदार मात्र हुन् । गच्छेदारले तीनपटक गैरकाँग्रेसी सांसद बनेर चुनाव जितेका हुन् । यसपटक भने देउवा र गच्छेदार दुवैलाई सजिलो छैन ।

देउवाविरुद्ध डडेलधुरामा धमाधम उम्मेदवारी घोषण हुन थालेका छन् । उनलाई जिल्लामा भिजेका पूर्व काँग्रेस जिल्ला सभापति कर्ण मल्लको पनि चुनौती छ । ८० टेक्न लागेका देउवा डडेलधुराबाट चुनाव जितेपनि उनको त्यहाँको माटोसँग दूरी बढ्दै जान थालेको छ । अर्कोतर्फ, उमेरले पनि अप्ठ्यारोमा छन् । उनलाई बढ्दो जनआक्रोश र युवाहरुको उदयसँगै चुनौतीका कारण अबको चुनाव सजिलो छैन ।

दुई पटक प्रधानमन्त्री भइसकेका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले ६ पटक संसदको चुनाव लडेकामा एकपटक मात्र पराजय भोगे । उनी प्रधानमन्त्री भइसकेपछि भने चुनाव हारेका छैनन् । ७० कटेका ओलीले पार्टीको विधान नै परिवर्तन गरी अध्यक्ष बने । तर, संसदको चुनाव उनका लागि चुनौतीपूर्ण छ । झापा गृहक्षेत्र भएका ओलीलाई युवा उम्मेदवारहरुको चुनौती हुन सक्छ ।


नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड शान्ति प्रक्रियापछि तीनपटक चुनाव लडे । उनी एकपटक काठमाडौंबाट पराजित भए तर सिराहाबाट जितेर संसदमा पुग्न सके । २ पटक प्रधानमन्त्री भइसकेका प्रचण्डको चुनावी क्षेत्र चितवन हो । तर, उनलाई पनि चुनाव चुनौतीपूर्ण छ । ७० टेक्न लागेका प्रचण्डले आफूलाई चुनावपछिको प्रधानमन्त्रीका रुपमा प्रस्तुत गरिरहेका छन् । यसकारण पनि उनका बाँकी ६ पृष्ठमा

# आइएमई मोटर्सद्वारा विपद् सामुहिक उद्वार भेहिकल हस्तान्तरण

काठमाडौ । आइएमई ग्रुप अन्तर्गत संचालित आइएमई मोटर्स प्रा.लिद्वारा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई विपद् सामुहिक उद्वार भेहिकल हस्तान्तरण गरेको छ । राष्ट्रिय विपद्




जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण बाँकी ६ पृष्ठमा



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# आर्थिक संकट आउन नदिन सजग बनौं

विश्व बजारमा आएको नकारात्मक अर्थतन्त्रको प्रभाव र नेपालमा उठ्न नसकेको कृषि पेशाको वारेमा अध्ययन गर्नुपर्ने देखिन्छ । तर त्यस्ता खालका कार्यक्रम नीतिगत निर्णय गरेर कार्यन्वयनमा लैजाने काम भएको देखिदैन ।

विश्व अर्थतन्त्र ओरालो लाग्दै गरेको अवस्था र त्यसको प्रभाव र हल्लाका नकरात्मक संकेतले फैलाएको संशय जस्ता कारणहरुले सहज रुपमा उपलब्ध भईरहेका मानिसहरुले उपभोग गर्ने सामग्रीहरु उपलब्ध हुन छाडेकाछन् उपलब्ध भइहालेमा महगी अध्याधिक बढेको छ । अझै बढ्दै जाने संकेत गरेको छ । त्यो सवै युक्रेन र रुसको युद्धपछि विश्वका राष्ट्र राष्ट्रहरुमा मानिस भित्र रहने एक खालको संकुचित प्रतिष्ठाको लडाई र मानिसहरुले सोच्ने तरिका, हल्ला साथै शक्ति राष्ट्रहरुको टकरावले हाम्रो नेपाल राष्ट्र जस्ता विश्वका अल्पविकसित धेरै राष्ट्रहरुले समस्या ब्यहोरी रहेका छन् । नेपाले बिशेष गरेर तेलको अपुर्तिमा बढ्न गएको महँगीले सवै क्षेत्र प्रभावित भएको छ ।

नेपाल देशले यस्त समस्या आउने सम्भावनालाई मध्य नजर गरेर दिर्धकालीन योजनाहरु बनाउन सक्नुपर्थ्यो पेट्रोलमा बायो आयल अर्थात संजीवनीको तेल ४० प्रतिशत मिसाएर काम गर्न विगतमा नै काम गरेको भए सायद यस्तो समस्या निक्कै कम हुन्थ्यो । त्यो काम नगरेको भएपनि तत्कालै आएका समस्यालाई आपतकालीन योजना बनायर नेपालका नागरिकलाई आइपरेका समस्या सावधान गर्ने विकल्प ल्याउनु पर्थ्यो त्यो भनेको नेपालमा तत्कालै ईलेक्ट्रिकसिटीबाट चल्ने सवारी साधनलाई प्रोत्साहित गरेर ति बिजुलीवाट चल्ने गाडीहरुलाई छुट दिएर सेवा दिने र अर्को बिकल्प अथाह जमिन भएको नेपालमा विभिन्न खालका कृषिजन्य उत्पादनलाई बढायर लादा आउदा दिनमा खाद्यन्नको अभाव हुदैन । यति मात्र काम गर्न नेपालले सक्ने हो भने धेरै अप्ठ्यारो नेपालीहरुले ब्यहोर्नु पदैन । किनकी जतिसुकै सुविधाका साधनहरु बनेपनि मानिसलाई खाद्यन्न नभई हुदैन । खाद्यन्न आत्मनिर्भर हुने देशका नागरिकले कहिल्यै भोकै मर्नुपर्दैन । अन्य देशवाट आइरहेका खाद्यन्नहरु कुनै दिन यस्तै युक्रेन र रुसजस्ता देश-देश बीचको समस्या हुदा आयात नहुन सक्छ त्यसकारण आ□नै देशमा उत्पादन भएको खण्डमा कुनै समस्या पर्दैन कृषि नेपालको सन्दर्भमा तराईका क्षेत्रमा रोपेको ४ महिनामा र पहाडी क्षेत्रमा ६ महिनामा हिमाली क्षेत्रमा ७ महिनामा खाद्यन्न भण्डारण गर्न सकिन्छ । त्याहा विगतमा गरिने पुरातन तरिकाले कृषि गर्ने होइन सरकाराले नीति बनायर ठुलो क्षेत्रफलमा खाद्यन्न उत्पादन गर्ने नयाँ कृषि नीति आवश्यक छ । त्यो काम तत्कालै गर्ने र आउदा दिनमा समेत दिर्धकालीन योजना बनायर नेपाललाई आत्मनिर्भरमुखी बनाउन जरुरी छ ।

**चेतना जागृत गर्ने कार्यक्रम खोई ?**

जुनसुकै संसारमा समस्या आइसकेपछि राज्यले तत्कालै योजनाहरु सार्वजानिक गर्ने गरेको अभ्यास देखिन्छ । तर हाम्रो नेपालमा त्यस्ता सार्वजानिक योजनाहरु लागु गरेको देखिदैन । श्रीलंका पछि दक्षिण एसियाका राष्ट्रहरुमा बढ्न सक्ने आर्थिक संकट सँगसँगै राजनीतिक अवस्थालाई समेत ध्यानमा राखेर सूचनाको माध्यम वा चेतना जागृत गर्ने अनेक खालका उपाय अपनाउनु पर्ने देखिन्छ । जसले बिलासिता र अनाआवश्यक बस्तुहरुको प्रयोग गर्नुहुदैन भनेर सार्वजनिक स्थलहरुमा चेतनामा जागृत गर्न पनि सम्बन्धित निकायहरुले अहम भूमिका निर्वाह गर्नुपर्छ यस्ता कामहरु गरेर आउन लागेका समस्यालाई सजिलै परास्त गर्न सकिन्छ । मानिसहरुले नजानेर वा भएका आर्थिक अन्य अनाआश्यक बस्तुमा खेर नफालुन भनेर तत्कालीन योजना ल्याएर नेपालका नागरिकहरुमा यस्ता आर्थिक समस्या जस्तो कि खाद्यन्न किन्नकै निम्ति आर्थिक अभाव कसैलाई आइ नपारोस ।

यसरी तत्कालै गर्नुपर्ने कामहरु गरेको देखिदैन । सम्बन्धित निकायले तत्कालको तत्कालै कृषिको क्षेत्रमा आमुल परिवर्तन नै ल्याउने गरी काम गरिहाल्नु पर्ने देखिन्छ । कृषि क्षेत्रलाई सुरक्षित, विश्वसनीय र युवापुस्तामा जागरणनै ल्याउनुपर्छ ताकि लाखौं रुपैया खर्च गरेर आफ्नो देश छोडेर पढ्ने नाममा अर्काको देशमा गएर दुःख नगरुण ति प्रत्येक नेपाली युवायुवतीहरु आफ्नै देशमा कृषि, पर्यटन, उद्योग, ब्यापार, जस्ता अनेक सम्भावना देख्नु । त्यो काम सम्बन्धित निकायले गरोस् ।

# भ्रष्टाचार र लोकतन्त्रको अन्तरसम्बन्ध

श्यामप्रसाद मैनाली

प्रारम्भ

भ्रष्टाचार विश्वकै साझा समस्या हो । टीआई इन्टरनेसनलले प्रतिवर्ष प्रकाशित गरेको अध्ययन प्रतिवेदनमा प्रायः हरेक वर्ष डेनमार्क विश्वमै सबैभन्दा कम भ्रष्टाचार हुने देशमा पर्छ । यस देशले ९२ प्रतिशत अंक प्राप्त गरेको छ । ८ प्रतिशत भ्रष्टाचार त्यस देशमा पनि भएको स्थिति छ । कतिपय विश्लेषणमा लोकतन्त्रले भ्रष्टाचारको अवस्थामा सुधार आउने दाबी गरिएको छ । लोकतन्त्रका निरपेक्ष समर्थक यसलाई सबै समस्याको समाधानका रूपमा लिँदै भ्रष्टाचार पनि नियन्त्रण हुने दाबी गर्छन् । लोकतन्त्रलाई विश्वका अधिकांश देशले सर्वोत्तम राजनीतिक प्रणालीका रूपमा लिँदै आएका छन् । तर, भ्रष्टाचार नियन्त्रणका लागि धेरै सर्त र अवस्था निर्णायक रूपमा देखिएका छन् । यी महत्वपूर्ण गन्तव्यमा पुग्न आवधिक निर्वाचन र स्वस्थ प्रतिस्पर्धा मात्र पर्याप्त हुँदो रहेनछ । धेरै प्रकारका अध्ययनले लोकतन्त्र र भ्रष्टाचारबीच नकारात्मक सम्बन्ध रहेको देखिएको छ ।

**लोकतन्त्रले भ्रष्टाचार नियन्त्रण गर्न सक्छ वा सक्दैन भन्ने सम्बन्धमा धेरै कोणबाट अभिव्यक्ति आएका छन् । लोकतन्त्र सदैव सुशासनका लागि प्रतिबद्ध रहन्छ । जवाफदेहिता, पारदर्शिता, कानुनको शासन, प्रभावकारिता, कार्यकुशलता र सहभागिताको प्रत्याभूति गरिने प्रणालीलाई नै यथार्थतामा लोकतन्त्र भनिन्छ । लोकतान्त्रिक सरकार जुन र□तारमा सुशासनप्रति दृढ रहन्छ त्यही अनुपातमा भ्रष्टाचार कम हुँदै जान्छ । लोकतान्त्रिक प्रणालीलाई व्यवस्थित गर्न जनप्रतिनिधिहरू नागरिक जवाफदेही बन्नैपर्छ । लोकतन्त्रमा यदि जनप्रतिनिधि भ्रष्टाचार नियन्त्रण गर्न इमानदार प्रयत्न गर्न चुके भने आवधिक निर्वाचनमा निर्वाचित हुन सक्दैनन् । माथिल्लो तहप्रति जवाफदेही हुनुको अतिरिक्त लोकतान्त्रिक संस्थाजस्तै महालेखा परीक्षक, समन्वय गर्ने अंगहरू, नियन्त्रक निकाय, न्यायपालिका, आदिले भ्रष्टाचारलाई कम गर्न प्रभावकारी भूमिका निर्वाह गरिराखेका हुन्छन् । लोकतन्त्रको संक्रमणकालीन अवस्थाबाट गुज्री राखेका देशले भ्रष्टाचारलाई संस्थागत बनाएका उदाहरण प्रशस्त देखिएका छन् । निर्वाचन धेरै खर्चिलो हुँदै गर्दा सरकारमा पुगेपछि निर्वाचनमा भएको लगानी असुल गर्ने र अर्को निर्वाचनमा गर्नुपर्ने खर्चको बन्दोबस्त गर्न लागि पर्ने भएकाले भ्रष्टाचार तीव्र गतिमा वृद्धि भइराखेको छ ।**

असल तानाशाहले राजनीतिक स्थिरता कायम गर्न र भ्रष्टाचारलगायतका विकृति नियन्त्रण गर्न उल्लेखनीय योगदान गर्छन् । यस्ता तथ्यलाई आधार बनाएर जबरजस्त विश्लेषण गर्दै आएका छन् । तर, प्रायः सबै तानाशाहहरूले राज्यको दोहन गरेर व्यक्तिगत फाइदा लिएको अवस्था अत्यधिक देखिँदै छ । विश्व बैंकको प्रतिवेदनअनुसार विश्वका २१ वटा सबैभन्दा कम भ्रष्टाचार भएका देशहरूमा लोकतन्त्रको अभ्यास अत्यन्त राम्ररी भएको देखिएको छ । राजनीतिक प्रणाली राम्रो हुनुभन्दा पनि जनताले कसरी भ्रष्टाचारविरुद्ध कुन स्तरमा क्रियाशीलता दिन्छन् ? त्यसैमा धेरै कुरा निर्भर गर्छ । हङकङ यसको उपयुक्त उदाहरण हो । त्यहाँ जनताकै दबाबका आधारमा भ्रष्टाचार नियन्त्रणमा आएको छ ।

*भ्रष्टाचार र लोकतन्त्रको अन्तरसम्बन्ध*

लोकतन्त्रले भ्रष्टाचार नियन्त्रण गर्न सक्छ वा सक्दैन भन्ने सम्बन्धमा धेरै कोणबाट अभिव्यक्ति आएका छन् । लोकतन्त्र सदैव सुशासनका लागि प्रतिबद्ध रहन्छ । जवाफदेहिता, पारदर्शिता, कानुनको शासन, प्रभावकारिता, कार्यकुशलता र सहभागिताको प्रत्याभूति गरिने प्रणालीलाई नै यथार्थतामा लोकतन्त्र भनिन्छ । लोकतान्त्रिक सरकार जुन रफ्तारमा सुशासनप्रति दृढ रहन्छ त्यही अनुपातमा भ्रष्टाचार कम हुँदै जान्छ । लोकतान्त्रिक प्रणालीलाई व्यवस्थित गर्न जनप्रतिनिधिहरू नागरिक जवाफदेही बन्नैपर्छ । लोकतन्त्रमा यदि जनप्रतिनिधि भ्रष्टाचार नियन्त्रण गर्न इमानदार प्रयत्न गर्न चुके भने आवधिक निर्वाचनमा निर्वाचित हुन सक्दैनन् । माथिल्लो तहप्रति जवाफदेही हुनुको अतिरिक्त लोकतान्त्रिक संस्थाजस्तै महालेखा परीक्षक, समन्वय गर्ने अंगहरू, नियन्त्रक निकाय, न्यायपालिका, आदिले भ्रष्टाचारलाई कम गर्न प्रभावकारी भूमिका निर्वाह गरिराखेका हुन्छन् । लोकतन्त्रको संक्रमणकालीन अवस्थाबाट गुज्री राखेका देशले भ्रष्टाचारलाई संस्थागत बनाएका उदाहरण प्रशस्त देखिएका छन् ।

निर्वाचन धेरै खर्चिलो हुँदै गर्दा सरकारमा पुगेपछि निर्वाचनमा भएको लगानी असुल गर्ने र अर्को निर्वाचनमा गर्नुपर्ने खर्चको बन्दोबस्त गर्न लागि पर्ने भएकाले भ्रष्टाचार तीव्र गतिमा वृद्धि भइराखेको छ । दिगो विकास र भ्रष्टाचारलाई नियन्त्रण गर्न सचेत वर्गसमेत तानाशाही शासकको जरुरी भएको तर्क र अभिव्यक्ति दिई राखेका छन् । भ्रष्टाचारलाई नियन्त्रणमा राख्न निर्वाचित प्रतिनिधिहरूले प्राप्त गरिराखेका राजनीतिक अधिकार केही कटौती गर्नुपर्ने देखिएको छ । यस अवस्थामा निर्णय शीघ्र लिन, स्थायित्व कायम राख्न, प्रक्रियागत जटिलताबाट मुक्ति पाउन सम्भव हुन्छ । कानुन भ्रष्टाचार नियन्त्रणका दिशामा शून्य सहनशीलता कायम गर्नेगरी कार्यान्वयन हुने अवस्था बन्छ । राष्ट्र निर्माणमा यस्ता शासक लागिपरेका हुन्छन् । लोकतान्त्रिक तानाशाहका रूपमा आफ्नो पहिचान बनाउँछन् । लोकतान्त्रिक तानाशाह आफैंमा जनमैत्री, सुधारोन्मुख र राष्ट्रप्रेमी हुन्छन् ।

अनुसन्धानकर्ता र अध्ययन कर्ताहरूले कुनै पनि लोकतान्त्रिक देशहरूले यस प्रकारको राजनीतिक प्रणालीको कारण भ्रष्टाचार न्यूनीकरणमा उपलब्धि प्राप्त भएको तथ्य प्रस्तुत गर्न सकेका छैनन् । लोकतन्त्रको प्रारम्भिक अभ्यास गर्दै रहँदा त्यस समाजमा भ्रष्टाचार अत्यन्त बढने गरेको छ । लोकतान्त्रिक संस्थाहरूको सबलीकरण र लोकतन्त्रको स्वस्थ अभ्यासका साथै राजनीतिक संस्कारको विकास हुँदै जाँदा भ्रष्टाचारलाई केही हदसम्म नियन्त्रण गर्न सफल भएको अवस्था केही देशहरूमा पाइएको छ । संक्रमणकालीन समयमा लोकतान्त्रिक देशहरू भ्रष्टाचारबाट प्रभावित भएका छन् । तर, जब लोकतान्त्रिक संस्था विकसित हुँदै मजबुत हुन्छन् भ्रष्टाचारमा मौलिक रूपमा संकुचन आउँछ । प्रारम्भिक समयको राजनीतिक अवस्था र लोकतान्त्रिक उपलब्धिस्तरले भ्रष्टाचारको मात्रा कुनै पनि समाजमा निर्धारण हुन पुग्छ । भ्रष्टाचार व्याप्त हुँदै गर्दा तानाशाह लोकतन्त्रवादीभन्दा क्रुरतापूर्वक प्रस्तुत हुन्छन् । सबै प्रकारका विसंगतिलाई प्रश्रय दिन्छन् ।

तानाशाहीतन्त्रमा भ्रष्टाचारबाट पार्ने प्रभावसमेत लोकतन्त्रमा भन्दा अत्यन्त खतरनाक हुन्छ । विद्वानहरू भ्रष्टाचारबाट लोकतान्त्रिक समाजको आर्थिक वृद्धिमा कुनै पनि प्रकारको महत्वपूर्ण प्रभाव पार्दैन भन्ने विश्वास राख्छन् । तर, गैरलोकतान्त्रिक देशहरूको आर्थिक वृद्धिमा भ्रष्टाचारले नकारात्मक प्रभाव पार्छ । उल्लेखित कारणहरूबाट प्रभावकारी लोकतान्त्रिक समाजले भ्रष्टाचारबाट सिर्जित समस्याको निराकरणमा उल्लेखनीय योगदान दिई राष्ट्र निर्माण र नागरिकहरूको संवृद्धिमा सहयोग पुऱ्याइराखेका छन् ।

यस स्थितिमा केही प्रश्न उठ्ने अवस्था छ । के मतदाताहरूले लोकतन्त्रमा भ्रष्ट शासकहरूलाई दण्डित गर्न सक्छन् ? यसको उत्तर भ्रष्टाचार नियन्त्रणका लागि लोकतान्त्रिक शासन प्रणालीले कार्य गर्ने केही अवस्थाहरूको विश्लेषण गरेर मात्र प्राप्त गर्न सकिन्छ । दुईवटा सर्त यस प्रसंगमा महत्वपूर्ण छन् । सबैभन्दा पहिलो हो नागरिकहरूले देशमा भइराखेको भ्रष्टाचारको अवस्था' दयगतमा स्पष्ट जानकारी राख्न सक्नुपर्छ । दोस्रो हो, ती नागरिक अथवा मतदाताले यी सूचनाहरूको उपयोग गर्दै आवधिक निर्वाचनमा सरकारमा रहेका त्यस्ता भ्रष्टाचारीहरूलाई कडाइका साथ दण्डित गर्न सबल, सक्षम र मानसिक रूपमा तत्पर हुनुपर्छ । लोकतन्त्रको सुदृढीकरण हुँदा मात्र यो सम्भव हुन्छ । अर्को प्रश्न पनि उठ्ने गरेको छ । के लोकतन्त्रमा यस्ता भ्रष्ट नागरिकद्वारा दण्डित भएका छन् वा छैनन् ? यसको जवाफ पनि निरपेक्ष रूपमा दिन सकिँदैन । आंशिक रूपमा मात्र जवाफ आएको स्थिति छ ।

विकसित देशहरूमा पनि भ्रष्ट निर्वाचनबाट अत्यधिक मत ल्याएर विजयी भएको अवस्था छ र ती भ्रष्टहरू पुनः भ्रष्टाचारमा लिप्त भएका छन् । यस्ता देशमा समेत निर्वाचनमा मत किन्नेजस्ता गलत अभ्यास बारम्वार भएको पाइन्छ । लोकतान्त्रिक हिसाबले संस्कारयुक्त सचेत मतदाता भएको देशमा भ्रष्टमाथि कडा कारबाही भएको देखिन्छ । त्यस्ता देशहरूमा भ्रष्टाचार क्रमशः घट्दै आएको छ । यस सन्दर्भमा स्क्यंडेभियन देश डेनमार्क, स्विडेन र न्युजल्यान्डलाई उदाहरणका रूपमा लिन सकिन्छ । यी देशमा जनता सचेत छन्, भ्रष्टाचार उल्लेखनीय रूपमा नियन्त्रण भएको छ । त्यसैले भ्रष्टलाई दण्डित गर्ने सन्दर्भमा सबै देश समान रूपमा कामयावी देखिएका छैनन् । देश विशेषको मौलिक विशेषता, अवलम्बन गरी आएको राजनीतिक प्रणाली, सामाजिक संस्कारजस्ता पक्ष जिम्मेवार हुने देखिएकाले यसलाई सापेक्षिक रूपमा लिनुपर्छ ।

नेपाली सन्दर्भ

नेपालमा लोकतन्त्रका लागि योगदान गरिआएका दल र स्वतन्त्रताका सेनानीले ठूलो कुर्बानी गर्दै आएका छन् । राजनीतिक परिवर्तनका आधारमा लोकतान्त्रिक शासन प्रणाली बहाली र पुनर्वहालीको क्रममा जनताको साथ र सहयोग प्राप्त गरेका छन् । तर, सत्तामा पुगेपछि सबै विस्मरण गर्दै आएका छन् । भ्रष्टाचार व्याप्त छ, संक्रमणकालले कहिले मुक्ति पाउने हो ? निश्चित छैन । भ्रष्टाचार नियन्त्रणका लागि सरकारी प्रतिबद्धता सिद्धान्तमा मात्र सीमित छ । जनतामा सचेतनाको अवस्था अत्यन्त कमजोर छ । सचेत नागरिक दलीय कित्तामा विभक्त छन् । विद्वानहरू एवं बुद्धिजीवी निष्पक्ष प्रकारले कलम चलाउन र अभिव्यक्ति दिन सक्दैनन् । प्राज्ञिक भ्रष्टाचारसमेत बढिराखेको छ । भ्रष्टाचार नियन्त्रण गर्ने निकायमा पदाधिकारीको नियुक्ति प्रक्रियानै त्रुटिपूर्ण छ । संवैधानिक परिषद्को संरचनामा नै पुनरावलोकन गर्नुपर्ने स्थिति छ ।

राजनीतिक संस्कार राजनीतिक दलहरूका नेताहरूमा देखिँदैन । भ्रष्टाचारलाई सामाजिक मान्यता प्रदान गरिएको छ । लोकतान्त्रिक संस्थाहरूको संस्थागत विकास हुन सकेको छैन । कानुनी समानता भ्रष्टाचार नियन्त्रणका लागि अवलम्बन हुन सकेको छैन । ठूला र नीतिगत भ्रष्टाचारीले अभयदान प्राप्त गरेका छन् । देशमा इमानदार लोकतान्त्रिक तानाशाहको खोजी तीव्र रूपमा भइराखेको छ । भ्रष्टाचार नियन्त्रणका लागि संस्थागत निकाय र कानुन थुप्रै छन् तर, प्रायः सवै राजनीतिज्ञ र यसका संयन्त्र अथवा सार्वजनिक जिम्मेवारीमा रहने भ्रष्टाचारमा मूलप्रवाहीकरण भएका छन् । जनताले आवधिक निर्वाचनमा विश्वास गर्न योग्य विकल्प पाएका छैनन । परीक्षण भइसकेका भ्रष्टहरूलाई पालैपालो निर्वाचित गरी पठाई आफैं प्रताडित बनेका छन् । स्वार्थको संघर्षको अवस्था सिर्जना गर्नेगरी निर्णय लिन सबैले प्रतिस्पर्धा गरी राखेको अवस्था छ । यस परिस्थितिमा नेपालमा तानाशाहको उदयबाट मात्र भ्रष्टाचार नियन्त्रण आउने चिन्तन स्वतन्त्र बुद्धिजीवीबीच हुन थालेको छ । योभन्दा दुर्भाग्यपूर्ण अवस्था लोकतन्त्रका लागि अन्य के हुन सक्छ ?

**नेपालमा लोकतन्त्रका लागि योगदान गरिआएका दल र स्वतन्त्रताका सेनानीले ठूलो कुर्बानी गर्दै आएका छन् । राजनीतिक परिवर्तनका आधारमा लोकतान्त्रिक शासन प्रणाली बहाली र पुनर्वहालीको क्रममा जनताको साथ र सहयोग प्राप्त गरेका छन् । तर, सत्तामा पुगेपछि सबै विस्मरण गर्दै आएका छन् । भ्रष्टाचार ब्याप्त छ, संक्रमणकालले कहिले मुक्ति पाउने हो ? निश्चित छैन । भ्रष्टाचार नियन्त्रणका लागि सरकारी प्रतिबद्धता सिद्धान्तमा मात्र सीमित छ । जनतामा सचेतनाको अवस्था अत्यन्त कमजोर छ । सचेत नागरिक दलीय कित्तामा विभक्त छन् । विद्वानहरू एवं बुद्धिजीवी निष्पक्ष प्रकारले कलम चलाउन र अभिब्यक्ति दिन सक्दैनन् । प्राज्ञिक भ्रष्टाचारसमेत बढिराखेको छ । भ्रष्टाचार नियन्त्रण गर्ने निकायमा पदाधिकारीको नियुक्ति प्रक्रियानै त्रुटिपूर्ण छ । संवैधानिक परिषद्को संरचनामा नै पुनरावलोकन गर्नुपर्ने स्थिति छ । राजनीतिक संस्कार राजनीतिक दलहरूका नेताहरूमा देखिँदैन । भ्रष्टाचारलाई सामाजिक मान्यता प्रदान गरिएको छ ।**

सारांश

सरकार भ्रष्ट हुँदा विकास निर्माणलगायतका समग्र शासकीय प्रक्रिया अस्तव्यस्त बन्छन् । भ्रष्ट सरकारले जनताबाट मान्यता पाउन सक्दैन । सुशासनको सन्दर्भ कल्पनाभन्दा बाहिर पुग्छ । सरकारमा रहनेहरू र यसको स्थायी संयन्त्रले जिम्मेवारी प्राप्त गर्दा राष्ट्रिय ढुकुटीको अत्यधिक दुरुपयोग गरिराखेको पाइन्छ । यस अवस्थामा पीडित नागरिकहरूको विश्वास यस्तो भ्रष्ट सरकारले गुमाउन पुग्छ । लोकतन्त्रको स्वस्थ अभ्यास भई संस्थागत

बाँकी ६ पृष्ठमा

# भ्रष्टाचार नियन्त्रणमा युवाको भूमिका

**डा. माधव अधिकारी**

सार्वजनिक पदधारण गरेको कुनै पदाधिकारीले पदीय दायित्वविपरीत व्यक्तिगत स्वार्थअनुकूल काम गर्ने गरेको भन्ने आमधारणाले हाम्रो जस्तो सामाजिक, सांस्कृतिक विशेषता भएको राष्ट्रमा विशेष चर्चा पाएको छ। सार्वजनिक पदधारण गरेका सबै व्यक्ति निजी स्वार्थमा नै लागेका छन् भनी किटान गर्न नसकिए तापनि यो समस्या व्यापक बनेको कुरामा दुईमत छैन। यसले व्यक्तिगत स्वार्थ, नातावाद, कृपावाद, राजनीतिक विकृति, राम्रो मान्छेको सट्टा हाम्रो मान्छेको चयन, सार्वजनिक सरोकारको निर्णयमा जनसहभागिताको कमी, मिलोमतोमा काम गरी सार्वजनिक हानि(नोक्सानी, सार्वजनिक प्रशासनमा पारदर्शिताको अभावजस्ता क्रियाकलापलाई बढावा दिएको छ। नेपालको सन्दर्भमा निहित स्वार्थको द्वन्द्व हुन सक्ने सम्भावित क्षेत्रमा सार्वजनिक खरिद प्रक्रियाअन्तर्गत खरिद गरिने विभिन्न परामर्श सेवा खरिद, सेवा खरिद तथा विकास निर्माण कार्यका लागि गरिने ठेक्का सम्झौता र त्यससँग सम्बन्धित कार्य प्रमुख हो। विकास निर्माणको कार्यक्षेत्र भौतिक पूर्वाधारको निर्माण, नियमित मर्मतसम्भार, सर्वेक्षण/अनुसन्धान, रोकथाम/निरोध लगायतका विभिन्न क्रियाकलाप पर्छन्। यसका लागि बोलपत्र छनोट, ठेक्का सम्झौता, रकम निकासा, अनुगमन तथा मूल्याङ्कन गर्दा सार्वजनिक स्वार्थसँग बाझिने गरी व्यक्तिगत स्वार्थले काम गर्न सक्ने सम्भावना रहन्छ। यस्ता क्रियाकलापमा कतिपय अवस्थामा सार्वजनिक पदाधिकारीले स्वविवेकको प्रयोग पनि गर्नुपर्ने हुन्छ र त्यही मौका छोपी राजनीतिक विकृतिका कारण निहित स्वार्थको द्वन्द्वले जन्म लिन्छ।

विकास निर्माणसम्बन्धी भौतिक पूर्वाधारको निर्माणमा बोलपत्र, ठेक्का सम्झौतासम्बन्धी निर्णय गर्दा आफन्तलाई फाइदा पुऱ्याउने, निर्मित संरचनाको गुणस्तर/सामग्रीको स्तरीयतामा सम्झौता गरेर कमिसन लिने, पूर्वाधार विस्तार, मर्मतसम्भार र क्षमता अभिवृद्धि, लगानी वृद्धि र सम्भाव्यता अध्ययनसम्बन्धी निर्णयमा लागत मूल्य उच्च राख्ने, ठेक्का सम्झौतापछि भेरिएसन अर्डर स्वीकृत गराई थुप्रै रकम भुक्तानी गरी व्यक्तिगत फाइदा लिने, हुँदै नभएको निर्माण कार्यको कागजी प्रक्रिया मिलाई घोटाला गर्ने, निर्माणका लागि सामान खरिद गर्दा गराउँदा कमिसन लिने, कम लागत बढी अनुमान बनाउने, निम्न गुणस्तरको निर्माणको जाँचपास गराउने, ठेक्कामा सीमित प्रतिस्पर्धा गराउने, योजना निर्माण र तर्जुमा गर्दा संस्थागत हितलाई पछि पार्ने, निर्णय गर्नुअगावै आफ्नो मान्छेलाई सूचना चुहाएर व्यक्तिगत हितका लागि सार्वजनिक निर्णय गराउने जस्ता कार्य गरेको पाइन्छ। यस्तो कार्य शक्तिमा भएका राजनीतिक दलका व्यक्तिले मलजल हालेका छन् भनी आरोप छ।

यो स्थितिमा युवाहरू दक्ष भई आफ्नै देश निर्माणमा हातेमालो गर्न सके भ्रष्टाचार न्यूनीकरणमा समेत ठूलो मद्दत हुने थियो। संयोगवश जुलाई १५ गते विश्व युवा दक्षता दिवस हो। २०१४ डिसेम्बरमा संयुक्त राष्ट्रसंघको साधारणसभाले जुलाई १५ मा यो दिवस मनाउन थालेको पाइन्छ। युवाहरूको सामाजिक आर्थिक अवस्था सुदृढ गरी विश्वभर बेरोजगारी हटाई रोजगारीका लागि यो दिवस मनाउन सुरु भएको पाइन्छ। वयस्कहरूभन्दा युवाहरू तीन गुणा बढी बेरोजगार छन्। अझ युवतीहरू बढी बेरोजगार छन्। युवायुवतीहरू छातीमा जोस र पाखुरामा बल हुँदा पनि दक्षताको अभावले युवा जोसको दम्भलाई कामको भारीले मिचेर पाएको थेरथोर पैसा चुप लागेर लिन बाध्य छन्। अन्तर्राष्ट्रिय श्रम संगठनले सन् २०१५ मा विश्वभर गरेको अनुसन्धानले विश्वको ७ करोड १० लाख युवा बेरोजगार रहेको र बेरोजगारी दर सो आँकडाअनुसार १३.१ प्रतिशत रहेको छ। विश्वभर दक्ष कामदारको माग बढेको तर नेपालमा दक्ष कामदारहरू ज्यादै कम छन्। सो कारणबाट राजनीतिक विकृति भई भ्रष्टाचार झन् बढेको छ। यसलाई सम्बोधन गर्न पनि युवाहरू दक्ष हुन आवश्यक छन्। दक्ष युवाहरू विदेश पलायन नभई देशमै काम गरेमा भ्रष्टाचारलाई समेत न्यूनीकरण गर्न सकिन्छ।

सार्वजनिक प्रशासनमा जवाफदेहीपूर्ण काम नगर्नाले निर्माणसम्बन्धी भौतिक पूर्वाधारको निर्माणमा हुने गरेको अनियमितताले निम्न असरहरू पारेको पाइन्छ : जनतालाई महँगो सेवा किन्नुपर्ने अवस्था आउनु, भौतिक पूर्वाधारको गुणस्तरीय सुविधाबाट वञ्चित हुनु, समयमा कार्य सम्पन्न नहुनु, निर्माण कार्य असुरक्षित हुनु, विकास निर्माणका लागि विनियोजित खर्चको दुरुपयोग हुनु, निर्णय प्रक्रिया ढिलो हुनु, भ्रष्टाचारले प्रश्रय पाई मुलुककै छविमा ह्रास आउनु, पूर्वाधारको अपेक्षित विकास नहुनु, ग्रामीण क्षेत्र पछाडि पर्नु, भौतिक पूर्वाधारका लागि छुट्याएको लगानी खेर जानु, दुर्घटना निम्त्याउनु, कमसल निर्माण हुनु आदि।

विकास निर्माणसम्बन्धी ठेक्का सम्झौता कार्यसम्बन्धी निहित स्वार्थको द्वन्द्वलाई प्रत्यक्ष सम्बोधन गर्ने ऐननियम बने तापनि राजनीतिक विकृतिका कारण कार्यान्वयन पक्ष बलियो देखिँदैनन्। राजनीतिक प्रतिबद्धता छैन। नातावाद, कृपावादले बढी प्रश्रय पाएको छ। आर्थिक प्रशासन ऐन तथा नियमावली, विभिन्न ऐननियमहरू आर्थिक अनियमिततासँग बढी सम्बन्धित छन्। सार्वजनिक खरिद ऐनले सार्वजनिक खरिद कार्यमा संलग्न पदाधिकारीको आचरणसम्बन्धी व्यवस्था गरेको छ। यस ऐनमा तपसिल बमोजिमको आचरणसम्बन्धी व्यवस्था गरिएको छ : आफू पदमा बहाल रहँदाका बखत खरिद कारोबार गरेका व्यक्ति, फर्म, संस्था, कम्पनी र यस्तै प्रकृतिका अन्य कुनै निजी संस्थामा आफू पदबाट अवकाश पाएको दुई वर्षसम्म काम नगर्ने।आफू संलग्न भएको खरिद कारबाहीमा आफ्ना नजिकका नातेदारहरूले बोलपत्रदाता वा प्रस्तावदाताको रूपमा भाग लिएको जानकारी हुन आएमा आफूभन्दा एक तह माथिको अधिकारीलाई तुरुन्त जानकारी दिई त्यस्तो खरिद कारबाहीबाट आफू अलग हुनुपर्ने। खरिदसम्बन्धी काम कारबाही गर्दा प्रचलित कानुनविपरीत हुने काम नगर्ने। प्रतिस्पर्धाको लाभबाट वञ्चित गर्ने उद्देश्यले बोलपत्र वा प्रस्ताव पेस गर्नुभन्दा अघि वा पछि मिलेमतो गर्न वा गुटबन्दीमा संलग्न हुन नहुने। यसै ऐनमा बोलपत्रदाता वा प्रस्तावदाताको आचरणसम्बन्धी व्यवस्था गरेर सार्वजनिक पदाधिकारीभन्दा पनि बाहिर निहित स्वार्थको द्वन्द्वलाई तन्काउन खोजिएको छ। यो ऐन अन्य ऐनको तुलनामा निहित स्वार्थको द्वन्द्व घटाउने सवालमा प्रभावकारी देखिन्छ। यस ऐनमा बोलपत्रदाता वा प्रस्तावदाताले निम्न कार्य गर्न नपाइने व्यवस्था गरेको पाइन्छ : प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा अनुचित प्रलोभन दिन वा सोको प्रस्ताव गर्न। बोलपत्रदाताहरू वा प्रस्तावदाताहरूबीच खरिदसम्बन्धी काम बाँडफाँड गर्न वा बोलपत्र वा प्रस्तावको मूल्य कृत्रिम वा अप्रतिस्पर्धी तरिकाले कायम गर्ने वा अन्य कुनै निकायलाई खुला तथा स्वतन्त्र प्रतिस्पर्धाको लाभबाट वञ्चित गर्ने उद्देश्यले बोलपत्र वा प्रस्ताव पेश गर्नुभन्दा अघि वा पछि मिलेमतो गर्न वा गुटबन्दीमा संलग्न हुन। बोलपत्र वा प्रस्ताव खोलेको समयदेखि बोलपत्र वा प्रस्ताव स्वीकृतिको सूचना नदिँदासम्मको अवधिमा बोलपत्र वा प्रस्तावका सम्बन्धमा प्रभाव पार्ने उद्देश्यले सार्वजनिक निकायसँग सम्पर्क गर्न वा बोलपत्रको परीक्षण र मूल्याङ्कनमा वा प्रस्तावको मूल्याङ्कनमा कुनै किसिमले प्रभाव पार्ने कार्य गर्न। त्यस्तै उल्लिखित प्रावधानले निहित स्वार्थले ठाउँ लिन सक्ने अवस्थालाई सम्बोधन गर्ने प्रयत्न गरेको छ। कुनै खरिद कार्यको बोलपत्रसम्बन्धी कागजात वा स्पेसिफिकेसन तयार गर्ने वा खरिद कार्यान्वयनको अनुगमन गर्ने जिम्मेवारी पाएको बोलपत्रदाता वा निजसँग आबद्ध रहेको कुनै व्यक्ति वा फर्म वा संस्था वा कम्पनी वा त्यस्तो फर्म वा संस्था वा कम्पनीमा कार्यरत कर्मचारीले त्यस्तो खरिदको बोलपत्रसम्बन्धी कारबाहीमा भाग लिन सक्नेछैन। तर राजनीतिक विकृति र निहित स्वार्थले गर्दा यी प्रावधानहरूको पालना गर्न/गराउन सकिएको देखिँदैन। यसको परिणामस्वरूप देशमा खर्बौं क्षति भई ठूलाठूला विपद निम्त्याएको छ। अहिलेको विपद्ले पुऱ्याएको क्षति पनि यसको उदाहरणका रूपमा लिन सकिन्छ कि?

निहित स्वार्थको द्वन्द्वको स्वरूप बहुआयामिक छ। यसको निराकरण नभएसम्म भ्रष्टाचारमुक्त शासकीय प्रणाली, स्वच्छ समाज र समृद्ध राष्ट्रको परिकल्पना गर्न सकिँदैन। यसको लागि यो समस्यालाई समयमै सम्बोधन गर्नुको विकल्प छैन। नेपालजस्तो सामाजिक सांस्कृतिक बनावट भएको देशको हकमा निहित स्वार्थको द्वन्द्व घटाउने नीतिगत र कार्यान्वयन पक्षलाई सँगसँगै लैजानुपर्ने देखिन्छ। यसमा पनि देशका खम्बा युवाहरूलाई दक्ष गर्नु आवश्यक छ। सोबाट भ्रष्टाचार न्यूनीकरणमा समेत मद्दत मिल्नेछ। भ्रष्टाचार नियन्त्रण गर्ने पुनीत उद्देश्य लिएर स्थापना भएको सरकारी निकाय राजनीतिक भागबन्डाको नियुक्तिले ठूलो प्रभाव पारी भ्रष्टाचार बाँकी ६ पृष्ठमा

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी
एल.पि. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ। त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।
दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :
१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं। भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्टाएर प्रयोग नगरौं।
२. रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौं।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं।
ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :
१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नब बन्द गरौं।
२. झ्याल ढोका खुल्ला राखौं र झिल्का निस्कने वस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौं। विद्युतजन्य उपकरणको प्रयोग नगरौं।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौं र यथाशिघ्र नजिकको ग्याँस बिक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौं।
"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।"
उपभोक्ता जनहितका लागि जारी
नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१

# रामेछाप डायरी

## नेपाल विद्यालय कर्मचारी परिषद रामेछाप कार्यसमिति गठन

नेपाल विद्यालय कर्मचारी परिषद जिल्ला कार्यसमिति रामेछाप गठन गरिएको छ। रामेछाप सदरमुकाम मन्थलीमा आज नेपाल विद्यालय परिषदका केन्द्रिय अध्यक्ष गंगाराम तिवारीको प्रमुख आतिथ्यतामा एक कार्यक्रमको आयोजना गरि कार्यसमिति गठन गरिएको हो। रमेश तामाङको अध्यक्षतामा



गठन भएको कार्यसमिति उपाध्यक्ष महिलामा अमला कुमारी श्रेष्ठ,उपाध्यक्षमा कालुमान तामाङ,सचिवमा मिथुन थापा,कोषाध्यक्षमा सुरज थापा,सहसचिवमा समिना तामाङ,सदस्यहरुमा सन्त बहादुर श्रेष्ठ,ललिता श्रेष्ठ,टेक बहादुर मगर,देवराज पोकवाल र आशा लामा रहेका छन। रामेछाप जिल्लाभरका सामुदायिक विद्यालयहरुमा कार्यरत विद्यालय कर्मचारीहरुको हक,हित र अधिकारीको लागी काम गर्ने मुख्य उद्धेश्यका साथ जिल्ला कार्यसमिति गठन गरिएको अध्यक्ष रमेश तामाङले जानकारी दिनुभयो।

## रामेछाप जिल्लामा डेंगु पुष्टि

रामेछाप जिल्लामा पनि डेंगु पुष्टि भएको छ। रामेछापमा लामखुट्टेको टोकाईबाट तिन जनामा डेंगु भेटिएको हो। जिल्ला अस्पतालमा उपचार गर्न



आएका ३ जनामा डेंगु पुष्टि भएको जिल्ला अस्पताल रामेछापका डाक्टर मनोज कुमार यादवले जानकारी दिनुभयो।रामेछाप नगरपालिका वडा नं ९ का कुल ब श्रेष्ठ,वडा नं ८ का २ जना बालबालिका मन्दिप हायु र निरुता शाहीमा डेंगु पुष्टि भएको उहाँले बताउनुभयो।उनिहरुको जिल्ला अस्पताल रामेछापमा उपचार भैरहेको छ। गर्मीबढेसँगै रामेछाप जिल्लामा डेंगुको जोखिम देखिन थालेको छ। उच्च तापक्रम रहेको ठाउँमा पाइने एडीच प्रजातिको लामखुट्टेले टोकेपछि डेंगु हुने हुँदा सरसफाईमा ध्यान दिन उहाँले आग्रह गर्नुभयो। वर्षातका कारण जमेको पानीबाट बढी लामखुट्टे उत्पादन हुँनेगरेकाले पानी जम्ने खाल्टाखुल्टी पुर्नुपर्ने उहाँको सुझाव छ। डेंगु लाग्दा उच्च ज्वरो (१०४ डिग्री फरेनहाइट) प्रमुख लक्षण हो। साथसाथै अन्य लक्षणहरुमा टाउको दुख्ने, मांसपेसी दुख्ने, आँखाको पछिल्लो भाग दुख्ने, वाकवाकी लाग्ने, वान्ता आउने, ग्रन्थी सुन्निने जस्ता लक्षणहरु देखिन्छ।

## मन्थलीबाट काठमाडौंसम्मको भाडादर ६१५

रामेछाप। पेट्रोलिय पदार्थको अस्वभाविक मूल्यवृद्धिसँगै सार्वजनिक सवारी साधनको भाडा पनि ह्वात्तै बढेको छ। केही समय अघिसम्म मन्थली-काठमाडौंकाको भाडा ५६७ रुपैयाँ रहेकोमा पुनः बढेर ६१५ रुपैयाँ पुगेको छ। बागती प्रदेश सरकारले सार्वजनिक यातायातको भाडा बढाएको छ।। बढेको भाडादर बागती प्रदेश सरकारले राजपत्रमा प्रकाशन समेत गरिसकेको छ।

## काँग्रेस रामेछाप सभापति तामाङ विरुद्ध २५ जनाको ज्ञापनपत्र

रामेछाप। नेपाली काँग्रेस रामेछापको सभापति पूर्णवहादुर तामाङ (कान्छाराम) को कार्यशैली प्रति असहमति राख्दै जिल्लाका विभिन्न तहका २५ जना नेताहरुले ज्ञापन पत्र बुझाएका छन्। ज्ञापन पत्र जिल्ला सभापति पूर्णवहादुर तामाङ (कान्छाराम) लाई बुझाईएको हो। ज्ञापन पत्र बुझाउनेमा काँग्रेसका पूर्व जिल्ला सभापति लबश्री न्यौपाने देखि नगर र पालिकाको निर्वाचनमा हारेका प्रमुख पदका उम्मेदवार तथा पदाधिकारी, महाधिवेशन प्रतिनिधि र जिल्ला सदस्य रहेका छन्।

ज्ञापन पत्रमा कान्छारामले हेपाहा प्रवृति देखाउदै एजेण्डा भन्दा बाहिर गएर अन्य सदस्यलाई निर्णय प्रकृयाबाट नियन्त्रीत र कुण्ठित गर्ने गरी आफुले पहिलै गरेका निर्णय अनुमोदन गराउने गरेको, पार्टी विधान बमोजम संसदिय बोर्ड गठन नगरी स्थानीय निर्वाचनमा आफन्तलाई मनोमानी टिकट वितरण गरेको, आफन्तलाई जिल्ला सदस्यमा मनोनित गरेको जस्ता आरोप लगाइएको छ। ज्ञापन पत्रमा सित्खा बैठक बहिस्कार देखि पार्टीका भातृ संस्था र सुभेच्छुकहरुलाई कारवाहि गर्ने चेतावनी सहितका कुरा उठाइएको छ। यस अघी पार्टीले आयोजना गरेका कार्यक्रमहरुमा सक्रिय सहभागिता गरी संगठनको काममा लागेको कुरा उठाउदै ज्ञापन पत्रमा पछिल्ला दिनमा सभापतिबाट भएका गल्ति कमजोरीलाई केलाइएको छ। ज्ञापन पत्रमा यस अघी भएका बदरभागि निर्णय बदर हुनुपर्ने, नेतृत्वले आत्मआलोचना गर्नुपर्ने र भविश्यमा सच्चिएर जाने विश्वसनिय वातावरण बनाउन समेत माग गरीएको छ। पार्टी जिल्ला सभापतिले साउन ३ गते डाकेको बैठकमा नगएर बाहिर बसेका जिल्ला तहका नेताहरु ६ गतेको बैठकमा समेत गएका थिएनन्।

## बैंक अफ काठमाडौंका ग्रहकहरुलाई छुटको अफर

काठमाडौं । बैंक अफ काठमाण्डू लिमिटेडका ग्राहक महानुभावहरुलाई बायो डाईग्नोष्टिक प्याथ ल्याब नेपालमा २५ प्रतिशत छुट हुने भएको छ ।




बैंक अफ काठमाण्डू लिमिटेड र बायो डाईग्नोष्टिक प्याथ ल्याब नेपाल बिच बैंकको डेबिट कार्ड, क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ्ग बाट क्यूआर कोड स्क्यान गरी भुक्तानी गर्दा बैंकको आदरणीय ग्राहक महानुभावहरुलाई २५ प्रतिशत छुट उपलब्ध गराउने सम्झौता भएको छ । उक्त सम्झौता पश्चात् ग्राहक महानुभावहरुले बायो डाईग्नोष्टिक प्याथ ल्याब नेपालमा उपलब्ध हुने स्वास्थ्य सम्बन्धी सेवाहरुमा एकमुष्ठ २५ प्रतिशतको छुट पाउनेछन् । उक्त छुटको उपयोग गर्नको लागि ग्राहक महानुभावहरुले बैंकको कार्ड तथा मोबाइल बैंकिङ्गको प्रयोग गरी भुक्तानी गर्नुपर्ने बैकले उल्लेख गरेको छ । बायो डाईग्नोष्टिक प्याथ ल्याब नेपालले ललितपुरको ग्वार्को र काठमाण्डौंको सुकेधाराबाट सेवाग्राहीहरुलाई ल्याब सम्बन्धी गुणस्तरीय सेवा तथा सुबिधाहरु प्रदान गर्दै आईरहेको छ । हालसम्म बैंक अफ काठमाण्डू लिमिटेडले १०३ शाखा कार्यालयहरु, ९७ एटिएम र १० एक्स्टेन्सन काउन्टरबाट आफ्ना ग्राहक महानुभावहरुलाई उत्कृष्ट बैंकिङ्ग सुविधा प्रदान गर्दै आईरहेको बैकले दावी गर्ने गरेको छ ।

## कामना सेवामा बैंकको नायबमा विनय दाहाल नियुक्त

काठमाडौ । कामना सेवाविकास बैंक लिमिटेडको नायब प्रमुख कार्यकारी अधिकृत पदमा विनय दाहाल नियुक्त भएकाछन् ।

बैंकिङ्ग क्षेत्रमा करिब ३ दशक लामो कार्य अनुभव हासिल गर्नु भएका



दाहाल विगत ५ वर्ष देखि एन.एम.बि. बैंकको उच्चतहमा रही कामगर्दै आउनु भएकोमा पछिल्लो २ वर्ष देखि बैंकको व्यापार तथा योजना प्रमुखको जिम्मेवारी वहन गर्दै आउनु भएको थियो । उहाँ एन.आई.सि एसिया बैंक तथा नबिल बैंकसँग आबद्ध भएर पनि कामगरी सक्नु भएको छ । बैंकिङ्ग क्षेत्रमा लामो अनुभव संगालेका दाहालले बैंकको नायब प्रमुख कार्यकारी अधिकृतको भूमिका सफलता पूर्वक निर्वाह गरी बैंकलाई थप उचाइमा पुऱ्याउने बैंकले विश्वास लिदै थप जिम्मेवारी प्रदान गरेको बैकले जारी गरेको प्रेस बिज्ञप्तिमा उल्लेख छ ।

## गरिमा विकास बैंकको मोबाईल बैकिङ्ग स्तरोन्नति

गरिमा विकास बैंकले आजको डिजिटल युगमा प्रविधिको विकास र ग्राहकको आवश्यकतालाई मध्यनजर गर्दै थप सेवा सुविधासहित पुरानो मोबाईल बैकिङ्ग एपलाई नयाँ ओम्नी च्यानल डिजिटलमा स्तरोन्नति गरेको छ । यससँगै, अब यस विकास बैंकको मोबाईल बैकिङ्ग एपको नाम 'गरिमा स्मार्ट'बाट परिवर्तन भई 'डिजि बटुवा' भएको छ । 'डिजि बटुवा' अन्तर्गत यस विकास बैंकका ग्राहकहरुले 'एपमा पनि, अनि वेबमा पनि' एउटै युजरनेम र पासवर्ड प्रयोग गरि विभिन्न सुविधाहरु जसअन्तर्गत सजिलै पैसा ट्रान्सफर, विभिन्न बिल भुक्तानीहरु (जस्तैः विजुलीको विल, टेलिफोनको विल, ईन्टरनेटको विल, ट्राफिक चिट आदि), मोबाईल टप-अप, बैंक ईस्टेटमेन्ट, चेक ईस्टेटमेन्ट रिक्वेस्ट, क्यु.आर. पेमेन्ट ईत्यादिको सजिलै प्रयोग गर्न सक्नेछन् । साथै, स्तरोन्नती पश्चात यस विकास बैंकको मोबाईल बैकिङ्ग एप 'डिजि बटुवा' अझ बढि सुरक्षित एवं ग्राहकमैत्री भएको छ । यस विकास बैंकका ग्राहकहरुले सजिलै प्लेस्टोर तथा एपस्टोरबाट यो एप डाउनलोड गरि प्रयोग गर्नसक्नुहुनेछ । यस विकास बैंकले ग्राहकमैत्री प्रविधिहरु भित्राउने क्रममा पछिल्लो वर्ष पनि विना चेकबुक शाखाबाट मोबाईल बैकिङ्ग मार्फत पैसा निकाल्न मिल्ने गरिमा स्मार्ट टेलर लिएर आएको थियो ।

## ज्योति विकास बैंक लिमिटेडको १४ औं वार्षिकोत्सव सम्पन्न

काठमाडौ । ज्योति विकास बैंकले श्रावण ९ गते सोमबारको दिन स्थापनाको १४ औं वार्षिकोत्सव मनाएको छ । बैंकले सञ्चालक समितिका सदस्य, भुतपूर्व सञ्चालकहरु, कर्मचारी र ग्राहकहरुको उपस्थितिमा कमलपोखरी स्थित केन्द्रीय कार्यालयमा वार्षिकोत्सव मनाएको हो । कार्यक्रममा बैंकका संस्थापक अध्यक्ष तथा शेयरधनी ध्रुवकुमार उप्रेती र संस्थापक शेयरधनी तथा भुतपूर्व अध्यक्ष ध्रुवराज भट्टराईको पनि उपस्थिति रहेको थियो ।१४ औ वार्षिकोत्सवको अवसरमा बैंकले ज्योति Video Banking पनि सार्वजनिक गरेको छ । यस माध्यम अन्तर्गत पहिलो चरणमा अनलाइनबाटै खाताखोली, बैंक नपुगी तुरुन्तै खाता संचालन गर्न सकिने सेवा सहितको Video KYC सार्वजनिक गरेको हो । यस पश्चात देश-विदेशमा रहेका नेपालीहरुले पनि अनलाइनबाट खाता खोली संचालनमा ल्याउन सक्नेछन् । वार्षिकोत्सवको अवसरमा बैंकले रक्तदान कार्यक्रम समेत आयोजना गरेको छ, जसमा कर्मचारी, ग्राहक र अन्य सर्वसाधारणलेरक्तदान गरेकाछन् । सोहि अवसरमा बैंकमा १० वर्ष निरन्तर कार्यरत र योगदान दिएका




कर्मचारीहरुलाई पनि सम्मानित गरेको छ । सञ्चालक समितिका अध्यक्ष हरिचन्द्र खड्का तथा प्रमुख कार्यकारी अधिकृत श्रीचन्द्रभट्टले संयुक्त रुपमा कर्मचारीहरुलाई पदक तथा कदरपत्र प्रदान गरेका छन् । समारोहमा ज्योति विकास बैंकले संस्थागत सामाजिक उत्तरदायित्व प्रयोजनार्थ स्थापना गरेको 'हाम्रा विकास प्रवर्द्धन कोष'मार्फत राधा पौडेल फाउन्डेसनसंग'मर्यादित महिनावारी'सचेतनामा आधारित परियोजनाहरुमा सहकार्यका लागि सम्झौता गरेको छ । बैंकका प्रमुख कार्यकारी अधिकृत श्रीचन्द्र भट्ट तथा राधा पौडेल फाउन्डेसनकी संस्थापक राधा पौडेलल सम्झौता पत्रमा हस्ताक्षर भएको हो । बैंकले प्रारम्भिक चरणमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतरु.पाँच लाख सहयोगको प्रतिबद्धता गरेको छ । कार्यक्रममा अध्यक्ष हरिचन्द्र खड्काले मन्तव्य प्रस्तुत गर्दै बैंकको १४ वर्षको यात्रालाई सफल र फराकिलो बनाउन योगदान दिने सम्पूर्ण प्रति हार्दिक कृतज्ञता ज्ञापन गरेका थिए । अध्यक्ष खड्काले आगामी दिनहरुमा पनि अभ ुगुणस्तरीय बैंकिङ्ग सेवा दिंदै थप उत्कृष्ट सुविधाहरु प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत श्रीचन्द्र भट्टले बैंकले आफ्नो मूल उद्देश्य, दूरदृष्टि, ध्येय र मुल्य मान्यताहरुको अधीनमा रहि बैंकलाई सुदृढ, सशक्त र जीवन्त संस्थामा विकसित गर्दै समस्त नागरीकको जीवनमा समृद्धि ल्याउन निरन्तर लाग्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।वार्षिकोत्सवको अवसरमा बैंकले काठमाडौं महानगरपालिका वडानं. १५, डल्लुस्थित बैंकको ११९ औं शाखाको औपचारिक उद्घाटन पनि गरेकको थियो । डल्लु शाखाको समुद्घाटन बैंकका पुर्व अध्यक्ष तथा बैंकका संस्थापक शेयरधनी ध्रवकुमार उप्रेती र बैंकका अध्यक्ष हरिचन्द्र खड्काले संयुक्त रुपमा गरेका थिए । बैंकिङ्ग पहुंच थप विस्तार गर्दै आफ्ना सेवाहरू सहज रूपमा ग्राहक समक्ष पुर्याउने उद्देश्यले बैंकले नयाँ शाखा सञ्चालनमा ल्याएको कार्यक्रममा बताएका थिए । डल्लु शाखा उद्घाटन पश्चात उपत्यका र उपत्यका बाहिर गरि ज्योति विकास बैंकको ११९ वटा शाखा कार्यालय, ३ वटा विस्तारित काउन्टर तथा ६५ वटा एटीएम पुगेको उल्लेख गरेका थिए ।

## सेन्चुरी बिजनेस ग्रुप अफ कम्पनीले विराटनगरमा ३ अर्बको लगानीमा पाँच तारे होटल निर्माण गर्ने

काठमाडौं । विराटनगरमा ३ अर्ब लगानीमा पाँच तारे होटल सहितको व्यापारिक मल निर्माण हुने भएको छ । उक्त सम्झौतापत्रमा मिति २०७९ साउन ९ गते र्याडिसन होटलमा उक्त सम्झौता भउको हो । सेन्चुरी गुप्र अफ कम्पनीको लगानीमा विराटनगरमै पहिलो पटक पाँचतारे होटल र मल संचालनमा ल्याउन उक्त सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन् । ३ अर्ब लगानीमा ३० कट्ठा जमिनमा ७५ हजार स्क्वायर फिटको मलमा १४६ कोठाको पाँचतारे होटल सेन्चुरियन हुने कम्पनीका अध्यक्ष मोतीलाल दूगडले जानकारी दिए । होटल सेन्चुरियनको व्यवस्थापनमा साझेदारी भने पाँच तारे होटल र्याडिसनले गर्ने उनले बताए । सो होटलमा क्यासिनो, बालउद्यान र व्यापरिक प्रयोजनको मल उपयोग हुनेछ ।

होटलसहितको पूर्वाधारमा बैंकहरुले १८० करोड र बाँकी १२० करोड लगानी सेन्चुरी ग्रूप अफ कम्पनीले गरेको अध्यक्ष दूगडले जानकारी दिए ।शिक्षा, राजनीति, उद्योग, व्यापार र पर्यटनको हबको रुपमा रहेको बिराटनगरमा पाँच तारे होटलको अभाव पूर्तिका लागि परियोजनामा लगानी गरिएको दुगडको भनाई छ । यो कम्पनीले यसअघि विराटनगरमै चार तारे होटल हेरिसन सञ्चालन गरिरहेको छ । होटलसहितको मलको पूर्वाधारको काम धेरै सकिएको र अर्को वर्ष पूर्ण रुपमा सञ्चालनमा आउने गरी काम भइरहेको दूगडले बताए । दूगडले प्रिमियम आतिथ्यता र यो विश्व स्तरको र्याडिसन होटल विराटनगरमा ल्याउन चाहन्थे। र्याडिसन होटल, विराटनगरको व्यवस्थापनका लागि र्याडिसन होटल गुप्रसँग यो सम्झौतामा



हस्ताक्षर भएकोमा उनले खुसी व्यक्त गरेको छन् । सहरको मध्य भागमा अवस्थित, यी पाहुनाहरूको आवश्यकताहरू पूरा गर्न प्रदान गरिएको विश्व स्तरीय सुविधाहरू र सुविधाहरूको कारणले गर्दा यो परियोजना व्यापार र मनोरञ्जन उन्मुख अतिथिहरू दुवैका लागि उपयुक्त छ । सडक, विमानस्थल, सामुदायिक परियोजनाहरू, ढल निकास, सार्वजनिक सुविधाहरू, आदि जस्ता पूर्वाधारहरूमा द्रुत विकासले यसलाई स्थानीय र अन्तर्राष्ट्रिय पर्यटकहरूको लागि उपयुक्त हुने हुँद केही सकारात्म देखिने जनाएको छ । व्याडिसन को संलग्नता संग, यो परियोजना यसको अत्याधुनिक सुविधा र रणनीतिक स्थान को कारण शहर को नयाँ ल्यान्डमार्क भएको छ । यो कम्पनीले यसअघि विराटनगरमै चार तारे होटल हेरिसन सञ्चालन गरिरहेको छ । सेन्चुरी ग्रुप अफ कम्पनी नेपालमा तरकारी मसला बिक्रीका लागि चर्चित छ । होटलसहितको मलको पूर्वाधारको काम धेरै सकिएको र आउदो १८ महिनामा पूर्ण रुपमा सञ्चालनमा आउने गरी काम भइरहेको दूगडले बताए ।

# अर्थ संसार

## एनएलजी इन्स्योरेन्स र ओएसआर फिन्टेकबीच समझदारी

काठमाडौं । निर्जीवन बिमा कम्पनी एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड र बिमा एग्रेगेटर ओएसआर फिन्टेकबीच आइतबार एक समझदारीपत्र ( एमओयू) मा हस्ताक्षर भएको छ । एमओयूमा एनएलजीका प्रमुख कार्यकारी अधिकृत सुनिलबल्लभ पन्त र ओएसआर फिन्टेकका चेयरम्यान राजेन्द्र




अर्यालले हस्ताक्षर गरेका छन् ।

समझदारी अनुसार ओएसआर फिन्टेकले इन्स्योरेन्स एग्रेगेटरका रुपमा एनलएलजीको बिमा प्रडक्टहरुका लागि विद्युतीय प्लेटफर्म उपलब्ध गराउनुका साथै बिमा ब्रोकरको रुपमा उक्त कम्पनीको प्रडक्टहरुको मार्केटिङ गर्नेछ । एग्रेगेटर सेवाका लागि फिन्टेकले बिमामार्केट डट कम नामको वेबसाइट सुरु गर्दै छ ।

यो नेपालकै पहिलो रियल टाइम अनलाइन पोलिसी जारी गर्ने एग्रेगेटर हो । यसमार्फत ग्राहकले हरेक बिमालेखको विस्तृत विवरण बुझ्न सक्छन् । यसमा रियल टाइम क्लेम सुविधा उपलब्ध छ । यसले बिमाका विषयमा बुझ्न खोज्ने व्यक्तिका लागि सातै दिन २४ सै घन्टा कल सेन्टरको व्यवस्था गरेको छ । यसमार्फत खरिद, बिक्री र दाबीमा तुरुन्तै पहुँच स्थापित गर्न सकिने कम्पनीको भनाइ छ । कम्पनीले लघुबिमालाई समेत लक्ष्य बनाएको उल्लेख छ ।

समझदारीअनुसार एग्रेगेटरले एनएलजीलाई एपीआई लिंक गर्दै रियल टाइम बाइङ सलुसन प्रदान गर्नेछ। त्यसैगरी एलजीका पोलिसीहरुको खरिदबिक्रीको समीक्षाका लागि डेडिकेटेड पोर्टल उपलब्ध गराउने उल्लेख गरेको छ ।

ओएसआरले बिक्री भएका सबै पोलिसीको रियल टाइम ट्र्याकिङ, पोलिसी नवीकरणसम्बन्धी नोटिफिकेसन, ग्राहकलाई बिमा दाबी र एलएलजीका पोलिसी खरिदमा सहयोग पनि गर्नेछ । समझदारीपत्र हस्ताक्षर कार्यक्रममा ओएसआर फिन्टेकका प्रमुख कार्यकारी अधिकृत निखिलराज बंकको पनि उपस्थिति रहेको थियो ।

## प्राइम लाइफबाट मनोज भट्टराईको बिदाइ

काठमाडौ। आठ वर्षसम्म प्राइम लाइफ इन्स्योरेन्स कम्पनी व्यवस्थापनको



नेतृत्व गरेका मनोजकुमार भट्टराईले अवकाश लिएका छन्। दुई कार्यकालभन्दा बढी प्रमुख कार्यकारी अधिकृत (सिइओ) हुन नपाइने नियमअनुसार भट्टराईले कम्पनी व्यवस्थापनको नेतृत्व छाड्नु परेको हो । भट्टराईको दोस्रो कार्यकाल गत असार मसान्तसम्म थियो । कम्पनीका डेपुटी प्रमुख कार्यकारी अधिकृत (डेपुटी सिइओ) चिरायु भण्डारीले पनि बिदा लिएका छन् । भण्डारीको दुई वर्षे करार अवधि सकिएकाले बिदा भएका हुन् । कम्पनीका कर्मचारीले सोमबार एक कार्यक्रम गरी दुवैजनालाई बिदाइ गरेका छन्। अत्यन्तै भावुक बिदाइ समारोहमा कतिपय कर्मचारीले आँसुसमेत झारेका थिए। अभिभावकले जस्तै माया, हौसला र प्रेरणा दिने भट्टराईको स्वभावका कारण उनलाई बिदा गर्नुपर्दा ज्यादै नरमाइलो लागेको कर्मचारीहरुको भनाइ थियो । भट्टराईलाई कर्मचारीहरु कुशल रणनीतिकार, प्रेरणादायी व्यक्तित्व तथा प्रभावशाली संगठक मान्छन्। उनको नेतृत्वमा कम्पनीले सफलताको नयाँ उचाइ छोएको उनीहरुको भनाइ छ ।

# भक्तपुरको बायोब्याग बजारमा आउँदै

काठमाडौं । अब प्लास्टिकको झोलाको विकल्पमा बायोब्यागस बजारमा आउने भएको छ। मकैको स्टार्चबाट पनि झोला बन्छ भन्दा धेरै मानिसहरू विश्वास गर्दैनन्। यो बायोडिग्रडेबल झोला जस्को नाम बायो ब्यागस् अर्थात जैविक झोला हो।

बायोब्यागस प्रयोगपछि कम्पोष्ट मलसमेत बनाउन सकिन्छ। बायोब्यागस बाल्दा खरानीमा परिणत हुन्छ जसले यो ब्यागसलाइ वातावरणमैत्री बनाउन्छ ।वातावरणमा सजिलै व्यवस्थापन गर्न सकिने भएकाले यसको नाम नै जैविक झोला हो। प्लास्टिकको झोला प्रयोग गरेपछि न कम्पोष्ट मल बनाउन मिल्छ न त बाल्दा खरानी नै हुन्छ । प्लास्टिकको झोलाले वातावरणमा प्रदूषणमात्रै बढेको छ अहिले जतातते प्लास्टिक फोहरमात्रै देखिन्छ, जल, जमिन र जंगलमा प्लास्टिकजन्य फोहरको थुप्रो नै लागेको छ प्लास्टिकजन्य फोहर मानवको लागि मात्र नभई जीवजन्तु र वनस्पतिकै लागि अभिसाप बन्दै आएको छ। जबकी जैविक झोला वातावरणमैत्री छ।

व्यवस्थापन गर्न जटिल प्लास्टिकको झोलाको विकल्पको रुपमा भक्तपुरको सूर्यविनायक नगरपालिका ९ नंखेलस्थित बायो ब्यागस नेपाल प्रा लिले जैविक झोलाको उत्पादन सुरु गरेको छ। करिब एक करोड लगानीमा उक्त उद्योग सञ्चालनमा ल्याएको कम्पनीका सञ्चालक दीपेश वेजू बताउँछन्।

मकैको स्टार्चबाट जैविक झोला बन्ने प्रविधि भित्र्याएका उद्योगी वेजूले जैविक झोलालाई बायो व्यागस नाम दिएको बताए। उद्योगमा एकदर्जन स्थानीय युवाहरुलाई रोजगारीसमेत दिएका र पोखरामा उत्पादन विक्री वितरण गर्न डिलरसमेत सञ्चालनमा ल्याइसकेको जानकारी दिएका छन्। अन्य सहरमा समेत डिलर खोल्ने तयारी तीव्र रुपमा भइरहेको उनले बताए। प्लास्टिक झोलाको विकल्पको रुपमा जैविक झोला उत्पादन गर्ने बायो ब्यागस नेपाल प्रा. लि. नेपालमा पहिलो उद्योग हो', सञ्चालक वेजूले दावी गर्दै भने।

मकैको स्टार्चबाट बन्ने जैविक झोला प्रयोगपछि कम्पोष्ट मल बनाउन सकिन्छ। बान्दा पनि खरानी बन्छ,खरानी पनि मल नै हो। उनले उद्योगबाट दैनिक जीवनमा प्रयोग हुने झोलासँगै औद्योगिक, सुपरमार्केट, होटल तथा रेस्टुराँ, किराना पसलमा प्रयोग हुने कभर, पाउच र रोल झोलाको उत्पादन धमाधम भइरहेको बताए। उनका अनुसार दैनिक जीवनमा प्रयोग हुने प्लास्टिकका झोलाजस्तै १ केजी, २ केजी, ५ केजी र १० केजी क्षमताका जैविक झोला उत्पादन भइरहेको बताए। मागअनुसार जुनसुकै तौल र साइजका झोला उत्पादन गर्छौं, सञ्चालक वेजूले भने, ।'

हरेक वर्ष लाखौं टन प्लास्टिकजन्य फोहर ल्यान्डफिल साइट र खोलानालामा फ्याकिन्छ। प्लाष्टिकलाई खाना सम्झेर खाँदा हरेक वर्ष हजारों चराचुरुङ्गी, कछुवा लगायतका जनावरहरू मर्छन्। प्लाष्टिकका झोला जनावरले पचाउन सक्दैन। त्यसैले यो पेटमै रहन्छ, जनावरको पेटमा पुगेको प्लास्टिकले खाना पचाउनबाट रोक्छ, जसबाट धेरै ढिलो गरी ती जनावरले पीडादायी मृत्युवण गर्नुपर्छ। प्लाष्टिकको झोला क्षय हुन एकहजार वर्षसम्म लाग्ने बताइन्छ। जुन सबै जीवित प्राणीहरूको लागि हानिकारक साबित हुँदै आएको छ यसको व्यवस्थापनको लागि मानव जातिले चर्का मूल्य चुकाउँदै आउनु परेको छ तैपनि समस्या समाधान हुनुको सट्टा झन् विकराल बन्दै आएको छ। प्लास्टिक बाल्दा वायु प्रदूषण अत्यधिक बढ्छ। यो सडन वर्षौं लाग्छ।

व्यवसायी वेजूले जैविक झोला उत्पादन गर्ने उद्योग स्थापना गर्नुअघि धेरै अध्ययनसमेत गरेका बताए। उनले प्लास्टिकजन्य झोला र अन्य उत्पादनले मानव जीवन र पर्यावरणमा पर्ने असर तथा प्रभावबारे समेत खाजेबिन गरेको बताउँछन्।

प्लास्टिकजन्य उत्पादनबाट फाइदाभन्दा बेफाइदा धेरै देखेपछि यसको विकल्पको रुपमा जैविक झोला उत्पादन गर्नतिर आफू लागेको वेजूको भनाइ छ। मानव जातिले प्रत्येक वर्ष ६ ट्रिलियन प्लास्टिक झोला प्रयोग गर्छ र लगभग ८० प्रतिशत प्लास्टिक पुनः प्रयोग गर्न सकिंदैन। जुन सीधै ल्यान्डफिल वा समुद्रमा फालिन्छ, उनले भने, प्लास्टिक र प्लास्टिकजन्य फोहोरको प्रभावबारे कल्पना गर्नुहोस् न कति कहाली लाग्दो छ।

त्यसैले हामीले विकल्पहरू अघि बढाउन अति आवश्यक भइसक्यो।' उनले यस किसिमको उद्योग र उत्पादनतर्फ सरकारको समेत ध्यान जानुपर्नेमा धारणा राखे। सरकारले नसके निजी क्षेत्रलाई सहयोग र अनुदान दिन उद्योगी व्यवसायी वेजूले माग गरे। उनका अनुसार प्लास्टिकले मानव जीवनलाई धेरै तरिकामा सजिलो बनाइरहेको छ र यो मानिसको दैनिक जीवनको एक आवश्यक अंश भइसक्यो तर नसड्ने र बाल्न नहुने प्लास्टिकको विकल्पको रुपमा कम्पोस्टेबल एवं बायोडिग्रेडेबल जैविक झोलाको उत्पादन तथा प्रयोग गर्न ढिलो भइसकेको वैजूको तर्क छ।

जैविक झोलालाई कम्पोष्टमा परिणत गरी माटोलाई उर्वर बनाउन सकिन्छ, यी उत्पादनमा कृत्रिम रसायनहरूको प्रयोग हुँदैन। यो जीव जनावरले सजिलै पचाउन समेत सक्छ', उनले थपे, 'यसले मानवको स्वास्थ्यसँगै जीवजन्तु तथा विरुवालाई कुनै हानी नोक्सानी गर्दैन। उल्टै पर्यावरण र समुद्र सफा राख्न मद्दत गर्छ। बोटविरुवाको लागि कम्पोष्ट मलको रुपमा खाद्य तत्व आपूर्ति गर्छ।' उनका अनुसार बायो व्यागम् सामान्य प्लास्टिकका झोला भन्दा डेढ गुणा महंगो छ। तर यसले वातावरण संरक्षण र कृषि उत्पादन बढाउन गर्ने योगदानसामु यो मूल्य केही पनि होइन, वेजूले भनेका छन्।

# हिमा गाउँपालिकाको प्राथमिकतामा गुणस्तरीय शिक्षा

नेपालको संविधान, २०७२ को धारा २९५ (३) बमोजिम स्थापना भएका मुलुकका ७ सय ५३ स्थानीय तहमध्ये एक हो, जुम्लाको हिमा गाउँपालिका । यस पालिकाको पूर्वमा तिला गाउँपालिका, पश्चिममा कालिकोटको पलाँता गाउँपालिका, दक्षिणमा कालिकोटकै तिलागुफा नगरपालिका र उत्तरमा सिंजा गाउँपालिका पर्छन् ।

स्थानीय तहको दोस्रो निर्वाचनबाट निर्वाचित हिमा गाउँपालिका जनप्रतिनिधिले १२ औं गाउँसभामा हिमाको शैक्षिक अवस्था सुधारलाई पहिलो प्राथमिकता दिएर निर्णय गरेका छन् । अध्यक्ष लक्ष्मण शाही भन्छन्, समाजमा हुनेखाने र हुँदा खानेबीचको विभेद अझै कायम छ । त्यसको प्रत्यक्ष असर शैक्षिक संस्थामा देखियो । धनी र गरिबले आर्जन गर्ने शिक्षामै विभेद छ, जसका कारण समाज रूपान्तरण चुनौतीपूर्ण बन्दै गयो । त्यसैले हिमाको शैक्षिक क्षेत्र सुधारमा विशेष जोड दिएका छौं । पाँच वर्षमा शिक्षा क्षेत्रमा देखिने खालका सफ्टवेयर तथा हार्डवेयरका थुप्रै काम गर्ने योजना छ । जुम्लाका आठै पालिकामध्ये शिक्षा, विकास निर्माण र सेवा प्रवाहमा जिल्लाकै नमुना बन्ने कसरतका साथ काम अघि बढाइएको अध्यक्ष शाहीले जानकारी दिए । उनका अनुसार हिमाका २२ वटै विद्यालयमा अंग्रेजी माध्यमबाट पढाइ सुरु गरिनेछ । प्रत्येक विद्यालय डिजिटल हाजिरी, फ्री वाइफाइ, सीसी क्यामेरा जडान गरिनेछ ।

विषयगत शिक्षकलाई पठनसीप तालिम, विद्यालय सुधार योजना निर्माण, अभिभावक सेचतनासँगै गुणस्तरीय शिक्षा प्रदानमा पालिकाले माटो रकम लगानी गर्नेसमेत अध्यक्ष शाहीको भनाइ छ ।

चालू आवमा शिक्षा क्षेत्रलाई नै पहिलो प्राथमिकता दिएर ३९ करोड ८० लाख ८५ हजार विनियोजित भएको छ । हिमाको आफ्नै शिक्षा नीतिअनुरूप प्रविधिमैत्री शिक्षादेखि बालबालिका घरदेखि झिकाउ, स्कुलमा टिकाउ, अरूलाई सिकाउ र बजारमा बिकाउ हुने जनशक्ति उत्पादन गर्न व्यावहारिक शिक्षामा लगानी गरिनेछ । चालू आवबाटै हिमाका दुईवटा विद्यालय अंग्रेजी माध्यमको पढाइ सुरु गरिएको छ ।

साथै, हिमा गाउँपालिकालाई विकास र सेवा प्रवाहमा कर्णालीकै नमुना पालिका बनाउने लक्ष्यका साथ हिमाका कर्मचारी र जनप्रतिधि जुटेका छौं । अध्यक्ष शाहीले थपे, कुनै पनि कर्मचारीले बिनासर्त छिटोछरितो सेवा दिनेछन् । हेल्पडेस्कको स्थापना गरेका छौं भने सुनुवाइलाई प्रभावकारी बनाइनेछ । विकास निर्माणलाई विगतको भन्दा केही पृथक् गर्ने पनि योजना छ ।

चुनावी घोषणापत्रलाई व्यवहारमा उतार्न र कार्यकालपछि जनतालाई हिसाब दिनका लागि अनुसार शिक्षासँगै कृषि, खानेपानी, सिँचाइ, रोजगारी सिर्जना, भ्रष्टाचार न्यूनीकरण तथा सशासन पारदर्शितामा शून्य सहनशीलता क्षेत्रमा विगतको सरकार भन्दा देखिने गरी काम गर्नेसमेत अध्यक्ष लक्ष्मण शाहीको प्रतिबद्धता छ ।

त्यस्तै हिमाका ७ वटै वडा आफ्नै भवनमा सञ्चालित छन् । यद्यपि ३ वटा वडा भवन भने पुरानो गाविस भवनमा छन् । तर, आफ्नो दुईवर्ष कार्यकालभित्र हिमाको प्रशासकीय भवन बनाएरै छाड्ने अध्यक्षको संकल्प छ । पाँचतले सुविधासम्पन्न प्रशासकिय भवन ९ करोड ५८ लाखमा निर्माण हुने डीपीआर तयार भइसकेको छ ।

बढ्दो जलवायु परिवर्तनबाट बच्न, वातावरण संरक्षण गर्न तथा बाढी, भूक्षयजस्ता घटना न्यूनीकरण गर्न 'ग्रिन रोड ग्रिन रिभर'को नीतिअनुसार पाँच वर्षमा २ लाख ५० हजार बिरुवा रोप्ने अभियानसमेत थालनी गरिएको उनको भनाइ छ ।

सीमित स्रोत र असीमित नागरिकका आवश्यकता परिपूर्ति गर्नुपर्ने स्थानीय सरकारलाई चुनौती छ । उपाध्यक्ष सुर्पना शाहीले भनिन्, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार जनताले महसुस गर्ने खालका आधारभूत विकासमा जोड दिन्छौं । न्यायिक कार्य सम्पादन प्रभावकारी बनाउन तथा घरघरमा गाउँगाउँमा संघीयताको अनुभूति हुने गरी काम गर्न हिमाका सबै जनप्रतिनिधि तयार छौं ।

हिमाका ७ मध्ये ६ वटा वडामा स्वास्थ्य केन्द्र रहेका छन् भने ३ वटा बर्थिङ सेन्टर सञ्चालित छन् । १५ शय्या अस्पताल निर्माणका लागि पहल भइरहेको छ, प्रमुख प्रशासकीय अधिकृत रणबहादुर बूढाले बताए । उनका अनुसार विकासको अन्त्य गर्न हिमाका जनप्रतिनिधि कर्मचारी एकमत छन् ।

त्यस्तै हिमाका प्रत्येक नागरिकको निःशुल्क स्वास्थ्य बिमा, विद्यालय, स्वास्थ्य चौकी, प्रहरी चौकी, वडा कार्यालयमा सीसी क्यामेरा र डिजिटल हाजिरी जडान, अंग्रेजी माध्यमको पढाइ सञ्चालनजस्ता चुनावी घोषणापत्रलाई अक्षरशः पालना गरिनेसमेत अध्यक्ष शाहीको प्रतिबद्धता छ । घोषणापत्र अनुसार काम बाँकी ६ पृष्ठमा

# खेलकुद

## भलिबल संघको निर्वाचन भदौ २२ गते

काठमाडौं । नेपाल भलिबल संघले नवौं केन्द्रीय साधारणसभा तथा कार्यसमिति निर्वाचन भदौ २२ गते हुने भएको छ । भक्तपुरमा आज भएको संघ कार्यसमितिको आठौं पूर्ण बैठकले काठमाडौंमा साधारणसभा गर्ने गरी मिति सार्वजनिक गरेको हो । भलिबल संघको अहिलेको कार्यसमितिको पदावधि २०७७ जेठमै सकिएको हो । कोरोना महामारी र नयाँ खेलकुद ऐनको अन्यौलताका कारण दुई वर्षसम्म निर्वाचन हुन सकेको थिएन । कार्यसमितिका सबै सदस्यको एकमतमा साधारणसभा र निर्वाचनको मिति घोषणा गरिएको उपाध्यक्ष निरोज मास्केले जानकारी दिइन् । राष्ट्रिय खेलकुद विकास ऐन २०७७ मा भएको व्यवस्थाअनुसार राष्ट्रिय खेल संघले संघीय संरचना लागू गरी केन्द्रीय निर्वाचन गर्न गत असार १७ गतेसम्मको समयसीमा पाएका थिए । सो समयमा निर्वाचन हुन नसक्दा त्यसपछिका निर्वाचनलाई कानूनी मान्यता दिन नेपाल ऐन संशोधन गर्नुपर्ने हुन्छ । राखेपले ऐन संशोधनका लागि मन्त्रालयमा पत्राचार गरेको बताएको छ । भदौ २२ सम्म ऐन संशोधन नभए भलिबलको निर्वाचन प्रभावित हुनसक्छ ।

२०७७ असारमा नयाँ ऐन जारी हुनुअघि नै नेपाल भलिबल संघले २०७४ मा विधान संशोधन गरी संघीय संरचना लागू गरिसकेको थियो । राखेपको निर्देशन र स्वीकृतिमा संघले गत असार १७ गतेअगाडि नै ६ प्रदेश र ७७ जिल्लाको अधिवेशन सम्पन्न गरिसकेको छ । सोही आधारमा छानिएका प्रतिनिधिले केन्द्रीय निर्वाचनमा मतदान गर्नेछन् । भलिबल संघको निर्वाचनमा अहिलेसम्म वर्तमान उपाध्यक्ष निरोज मास्केले अध्यक्ष पदमा उम्मेदवारी घोषणा गरेकी छन् । ३९ सदस्यीय कार्यसमितिमा अध्यक्ष, ५ उपाध्यक्ष, महासचिव, ७ सचिव, कोषाध्यक्ष र १० सदस्य गरी २५ जना निर्वाचित हुनेछन् । पूर्ण वैठकले विधान संशोधन कार्यदलले दिएका सुझाव कार्यान्वयन गरेको उपाध्यक्ष मास्केले जानकारी दिइन् । विधानमा व्यवस्था भएअनुसार क्लबहरुलाई मतदान अधिकार दिने मोडालिटीमा परिवर्तनको निर्णय भएको छ । यो प्रस्ताव अनुमोदनका लागि साधारणसभामा लगिनेछ । तर, आसन्न निर्वाचनमा भने नयाँ व्यवस्था कार्यान्वयन हुने छैन । भलिबल संघले निर्धारण गरेको समयमा वागमती प्रदेशको अधिवेशन र निर्वाचन हुन सकेको थिएन । त्यहाँ देखिएको विवाद समाधान र विकल्प पेश गर्नका लागि संघका उपाध्यक्ष उपेन्द्र यादवको संयोजकत्वमा भीम ओली र श्रीधर शर्मा सदस्य रहने गरी छानबिन समिति गठन गरिएको मास्केले जानकारी दिइन् ।

भलिबल संघमा ३९ जनाको पूर्ण कार्यसमिति रहने व्यवस्था छ । त्यसमध्ये २५ जना प्रत्यक्ष निर्वाचित भएर आउनेछन् । बाँकी १४ मध्ये १३ जनालाई निर्वाचित कार्यसमितिले मनोनित गर्नेछ । १ जना पूर्व अध्यक्ष पदेन सदस्यका रुपमा रहनेछन् । निर्वाचनमा १ सय ३६ जना मतदाता रहनेछन् । तर, यसपल्ट भने १३३ जनाले मात्र मतदान गर्न पाउनेछन् । भलिबल संघको केन्द्रीय निर्वाचनका लागि ७७ वटै जिल्लाबाट १(१ मताधिकार रहने व्यवस्था छ । सात प्रदेशबाट २(२ का दरले १४ मत हुनेछ । हालको केन्द्रीय कार्यसमितिबाट ३९, रेफ्री कमिसनबाट १ र राष्ट्रिय टिम (पुरुष र महिला)का कप्तान र तीन क्लब (ढोरपाटन भलिबल प्रशिक्षण केन्द्र, न्यू डायमण्ड स्पोर्टस क्लब र जावलाखेल भलिबल प्रशिक्षण केन्द्र)ले संघको निर्वाचनमा मताधिकार पाउनेछन् ।

## नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताका स्वर्ण पदक विजेताले २५ हजार रुपैयाँ पाउने

काठमाण्डौ । नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताका स्वर्ण पदक विजेताले २५ हजार रुपैयाँ पाउने भएका छन् । राष्ट्रिय खेलकुद परिषद् राखेपले गण्डकी प्रदेशमा हुने नवौं राष्ट्रिय खेलकुदमा व्यक्तिगत रुपमा स्वर्ण पदक जित्ने खेलाडीलाई २५ हजार रुपैयाँ दिने निर्णय गरेको हो ।

यस्तै, टिम इभेन्ट्सका स्वर्ण पदक विजेताले जनही १४ हजार रुपैयाँ प्राप्त गर्नेछन् । स्वर्ण पदक विजेताले मात्रै नगद पाउने र रजत तथा कास्य पदक विजेता खेलाडीले मेडल र प्रमाणपत्र मात्रै प्राप्त गर्ने राखेपले जनाएको छ । नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता असोज २८ गतेदेखि कात्तिक ३ गतेसम्म हुँदैछ । प्रतियोगितामा ३६ खेलमा झण्डै ७ हजार खेलाडीले सहभागिता जनाउने सम्भावना छ ।

## कुमार थापा महिला फुटबल टोलीको प्रशिक्षक नियुक्त

काठमाण्डौ । कुमार थापा राष्ट्रिय महिला टोलीको प्रशिक्षकमा नियुक्त भएका छन् । अखिल नेपाल फुटबल महासङ्घ (एन्फा) काठमाण्डौमै आयोजना हुन लागेको महिला साफ च्याम्पियनशिप फुटबलका लागि आज शुक्रवार थापालाई मुख्य प्रशिक्षकमा नियुक्त गरेको हो । काठमाण्डौमा भदौ २१ देखि असोज ३ गतेसम्म साफ च्याम्पियनशिप हुँदैछ । आज जिम्मेवारी पाएका थापाले यसअघि पनि महिला टोलीको प्रशिक्षण सम्हालिसकेका छन् । महिला फुटबल सङ्घकी पूर्वअध्यक्ष बिन्द्रा देवानलाई टिम व्यवस्थापक जिम्मेवारी दिइएको एन्फाले निकालेको सूचनामा उल्लेख छ ।

साफ च्याम्पियनपशिपका लागि उपाध्यक्ष तथा कार्यसमितिका सदस्यहरूलाई समेटेर एन्फाका वरिष्ठ उपाध्यक्ष वीरबहादुर खड्काको संयोजत्वमा १८ सदस्यीय आयोजक कमिटी गठन गरिएको छ । यस्तै स्थान व्यवस्थापकमा र विन्द्र चन्द, स्थानीय संयोजकमा विजय घले र प्रतियोगिता सुरक्षा प्रमुखको रूपमा दिनेश व्यञ्जनकारलाई जिम्मेवारी दिइएको छ । त्यस्तै सञ्जिव सिल्पकार लाई बजार व्यवस्थापन, ब्रोडकास्टिङ र प्रतियोगिताको डिजिटल अधिकार दिइएको छ । प्रतियोगितामा नेपालसहित भारत, भुटान, बङ्गलादेश, माल्दिभ्स, श्रीलङ्का र फिफाबाट प्रतिबन्ध फुकुवा भएको पाकिस्तानले पनि प्रतिस्पर्धा गर्ने तालिका रहेको छ । नेपालले यसअघि पाचौं संस्करणको महिला साफ आयोजना गरेको थियो । विराटनगरमा भएको प्रतियोगितामा नेपाल भारतसँग पराजित हुँदा उपविजेता बनेको थियो ।

**विष्णु......**

गरेको अनुभव पनि छ। उनी पत्रकार महासंघको बिबिन्न तहमा नेतृत्वदायि भूमिका निर्बाह गरेर काम गरेको अनुभव छ।

**आइएम......**

र गृह मन्त्रालयको संयूक्त आयोजनामा आयोजित एक विशेष कार्यक्रमका वीच आइएमई ग्रुपका अध्यक्ष एवम नेपाल उद्योग बाणिज्य महासंघका बरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले अत्याधुनिक ८ वटा भेहिकल गृहमन्त्री बालकृष्ण खाँणलाई हस्तान्तरण गरेका छन्। मन्त्री खाँणले अत्याधुनिक उक्त ८ वटा भेहिकल सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याललाई पुनः हस्तान्तरण गरेका हुन्।

**हिमा.....**

नगरे जीवनमा राजनीति नगर्ने र पाँच वर्षपछि घोषणापत्रअनुसारको काम हेर्न आउन नागरिकलाई आउन उनको अपिल छ ।

झन्डै १२८.०९ वर्गकिमिमा छरिएर रहेका हिमाका सबै विकट बस्तीलाई निकट गर्न, गाउँका कृषि उत्पादनलाई बजारसम्म पुर्‍याउन, पर्यटन प्रवर्द्धनका गर्न पूर्वाधार विकासलाई प्राथमिकता दिएर काम गरिनेछ । गाउँगाउँमा सिंहदरबार झल्काउने, नागरिकलाई संघीयताको महसुस गराउने र सेवा प्रवाहलाई छिटोछरितो गर्न डिजिटल प्रणाली लागू गरिनेछ । विगतका सरकारले राम्रा कामको अनुसरण गर्दै विगतको भन्दा थप राम्रा र प्रभावकारी देखिने खालका काममा हिमा सरकार केन्द्रित रहनेछ।

**भ्रष्टाचार......**

निराकरणमा सहयोग पुगेको छैन । त्यसकारण यस्ता पदहरूमा स्वच्छ छवि भएको, कुनै पनि दलको प्रभाव नभएको, राजनीतिक दलले होइन जनताले विश्वास गरेको क्षमतावान् पदाधिकारीको नियुक्तिको व्यवस्था भएमा भ्रष्टाचार निराकरणमा सहयोग मिल्ने थियो कि ? यसमा युवाहरूले महत्वपूर्ण भूमिका खेल्नुपर्छ। तबमात्र हरेक वर्ष जुलाई १५ मा मनाइने विश्व युवा दक्षता दिवसले सार्थकता पाउनेछ ।

(लेखकले गुणस्तर जीवन विषयमा विद्यावारिधि हुन् ।) कारोवार

**काठमाडौं....**

विकास हुन सकेको अवस्थामा भ्रष्टहरू दण्डित हुने र इमानदार एवं प्रतिबद्ध जनप्रतिनिधि सरकारमा पुग्ने वातावारण बन्छ। सिंगापुर यस्तो उदाहरण बनेको छ जहाँ लोकतन्त्रको संस्थागत विकास र अभ्यास नहुँदाको स्थितिमा पनि अत्यन्त कम भ्रष्टाचार हुने अन्य २० वटा लोकतान्त्रिक देशसरहमा वर्गीकृत हुन सफल भएको छ। यदि लोकतान्त्रिक मूल्य र मान्यताहरूको परिपालना इमानदारिताका साथ नभएको अवस्थामा जत्तिसुकै सबल र वैज्ञानिक प्रविधिको प्रयोग गर्दा पनि भ्रष्टाचार नियन्त्रणमा आउन सक्दो रहेनछ। जनताले दिएको सुझाव आधारमा देशमा व्याप्त भ्रष्टाचारको अवस्थामा सुधार ल्याउन जनप्रतिनिधिले आफूलाई मानसिक रूपमा तयार बनाई सोहीअनुसार व्यवहार नगर्दा जनताले दण्डित गर्ने देशहरूले प्रगति गरेका छन्। तर, पनि यसलाई थप स्पष्टता र तथ्यमा आधारित बनाउन अनुसन्धान र अध्ययन गरी ठोस निचोडमा पुग्नु जरुरी देखिएको छ। भ्रष्टाचार नियन्त्रणका लागि यस्ता सूचनाहरूको अन्वेषण गरी सम्प्रेषण गर्दै आएका सञ्चारमाध्यम धेरै प्रभावी भएका छन्। अन्त्यमा लोकतन्त्रको सबलीकरण, यसको संस्थागत विकासबाट भ्रष्टाचार नियन्त्रणमा आउन सक्छ र भ्रष्टाचारजन्य क्रियाकलापको नियन्त्रण सबै प्रकारका सरकारले गर्न सक्छन्।

राजधानी दैनिक

**नेपाल......**

पठाएको रकमले प्रत्यक्ष/अप्रत्यक्ष देशको अर्थतन्त्रलाई चलायमान बनाइराखेको छ।

तर उत्पादनमा जोड दिन सकेको छैन। विश्व अर्थतन्त्रमा पर्न थालेको असरले नेपाललाई पनि असर पुर्‍याउदै लान थालिसकेको छ। त्यसको विकल्पमा नेपालीमुखी कार्यक्रम देशले नबनाउने हो भने नेपालको भविष्य हालसालै श्रीलंकामा देखिएको आर्थिक संकट जस्तै नेपालमा पनि त्यस्तै संकट आउन सक्ने सम्भावना अर्थविदहरुले औल्याउन थालेका छन्।

यस्ता गम्भिर विषयलाई नेपालका सवै खालका राजनीतिक पार्टीहरुले नेपालको हितमा हुने दिर्धकालीन योजनाहरु साझा अवधारणाको रुपमा विकास गरेर जानुपर्ने देखिन्छ।

चाहे त्यो नेपाली काँग्रेसको सरकार होस् वा अरुनै कुनै कम्युनिष्टको सरकार किन नहोस देशले उत्पादनमा जोड दिने निर्यात गर्नेसम्मको दिर्धकालीन अर्थ, परराष्ट्र जस्ता नीतिहरु सवै राजनीतिक पार्टीको साझा एजेन्डा बनाएर लान आवश्यक भएको देखिन्छ। त्यो काम नगर्ने हो भने नेपालको हालत तत्कालै श्रीलंका नभएपनि आउदा दिनहरु नेपालीहरुका लगि कठिन बन्न सक्छन्। त्यसैले आउदे समस्याहरुको सामना गर्न उपायहरु खोजिनुपर्छ र नेपालका दक्ष, योग्य, जनशक्तिलाई देशमा नै अवसर सृर्जना गराउने गरी काम थाल्नुपर्ने देखिन्छ। यतापर्टी सबैको ध्यान जाहोस्।

**पूर्व......**

लागि अबको चुनाव चुनौतीपूर्ण बन्नसक्छ। नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधवकुमार नेपाल र सम्मानित नेता झलनाथ खनाल पनि पूर्वप्रधानमन्त्री हुन्। प्रधानमन्त्री हुनु अघि यी दुई नेता विगतमा चुनाव हारेको इतिहास छ। तर, प्रधानमन्त्री भएपछि हारेका छैनन्। माधव नेपाल यसपटक रौतहटबाट चुनाव लड्ने चर्चा छ। उनले ध्यान पनि उतै केन्द्रित गरेका छन्। तर, माधव नेपालका लागि चुनाव सजिलो छैन। झलनाथ खनालका लागि पनि इलामको चुनाव सजिलो छैन। नेकपा एमालेबाट फुटेर बनेको नेकपा एसको इलाममा मजबुत स्थिति देखिदैन। गठबन्धनमा तलमाथि भएमा खनाललाई चुनाव कठिन हुनसक्छ।

माओवादी छाडेर समाजवादी सिद्धान्तमा चलेको भन्दै आएका पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई गोरखाबाट तीनपटक चुनाव जितिसकेका छ। एकपटक भने उनी गोरखा र रुपन्देहीबाट चुनाव लड्दा रुपन्देहीबाट पराजित भएका थिए। बाबुराम समाजवादी केन्द्र बनाउने अभियानमा छन्। उनले नेपाल समाजवादी पार्टी गठन समेत गरेका छन्। पटक पटक पार्टी परिवर्तन गरेकाले बाबुरामलाई फेरि गोरखाबाट चुनाव जित्न कठिन छ। प्रधानमन्त्री भइसकेका नेताले राज्य सञ्चालनको अनुभव मात्र सँगालेको हुँदनन् शक्तिको जोहो पनि गरिसकेका हुन्छन्। यसकारण पनि उनीहरुका लागि चुनाव जित्ने शक्ति रहन्छ। तर, नेपाली राजनीतिमा धेरै पूर्वप्रधानमन्त्रीहरु जिवित रहनु, अधिकांश वृद्धभक्ता खाने उमेरका भइसक्नुले नयाँ पीढीमा उनीहरुप्रतिको क्रेज घटेको छ। यसकारण पनि उनीहरुका लागि यसपटकको चुनाव चुनौतीपूर्ण देखिएको छ।

## युवतीको नग्न तस्बिर खिच्ने पक्राउ

लुम्बिनी। व्यक्तिगत तस्बिर सार्वजनिक गरिदिने धम्की दिई जबर्जस्ती करणी गर्ने प्रयास गरेको अभियोगमा रुपन्देहीबाट दुई जनालाई प्रहरीले पक्राउ गरेको छ। रुपन्देहीको सालझण्डीमा युवतीको नग्न फोटो खिचेर ब्लाकमेलिङ गर्दै जबरजस्ती गर्न खोजेको अभियोगमा गैडहवा गाउँपालिका ९ का २१ वर्षीय जगन्नाथ मल्लाह र १७ वर्षीय किशोर पक्राउ परेका छन्।

# आमाको नामबाट वंशजको नागरिकता पाउने व्यवस्थाको दुरुपयोग हुन सक्छ : खिमलाल देवकोटा

काठमाडौं। राष्ट्रिय सभा सदस्य खिमलाल देवकोटाले आमाको नामबाट वंशजको नागरिकता पाउने व्यवस्थाको दुरुपयोग हुनसक्ने बताएका छन्। सोमवार राष्ट्रिय सभा बैठकमा नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक २०७९ माथिको छलफलका क्रममा बोल्दै राष्ट्रिय सभा सदस्य देवकोटाले आमाको नामबाटवंशजको नागरिकता पाउने व्यवस्था सकारात्मक भएको बताए।

यद्यपी सो व्यवस्थाको दुरुपयोग हुनसक्ने उनले आशंका व्यक्त गरे। लोभ, लालच देखाएर अथवा धम्क्याएर, नक्कली आमा खडा गरिने हो कि भन्ने उनले चिन्ता व्यक्त गरे। त्यस्तै आमाको नामबाट नागरिकता दिन आमाले स्वघोषणा गर्नुपर्ने कुराले महिलाको निष्ठा, आदर्श र पवित्रतामाथि नै अपमान भएको उनले बताए। उनले भने, 'आमाको नामबाट पनि वंशजको नागरिकता पाउने व्यवस्था गरेको छ। यो पक्षपनि सकारात्मक छ। यहाँनिर के समस्या हुनसक्छ भन्ने मेरो अनुमान छ, जस्तो लोभ, लालच देखाएर वा धम्क्याएर, नक्कली आमा खडा गरिन्छ कि भन्ने चिन्ता पनि हामीले जायर गर्नुपर्छ। अनुमान गर्नुपर्छ। बाबुको पहिचान हुन नसकेको व्यहोराको नागरिकता लिने व्यक्ति वा उसको आमाले स्वघोषणा गर्नुपर्ने प्रावधान विधेयकमा छ। स्वघोषणा गर्नुपर्ने विषय महिलाको निष्ठा, आदर्श र पवित्रतामाथि नै अपमान गरियो भन्ने मेरो

ठम्याई छ।' राष्ट्रिय सभा सदस्य देवकोटाले वैवाहिक अंगिकृतको सम्बन्धमा एउटा हातले सिन्दुर लगाउने र अर्को हातले नागरिकता दिने प्रावधान आएको टिप्पणी गरे। उनले ७ वर्षे प्रावधान हटाउनु नहुने धारणा राखे।

'यहाँनेर हामीले एउटा हातले सिन्दुर लगाउने अर्को हातले नागरिकता दिने गरी विधेयक आएको छ। राज्य व्यवस्था समितिले ७ वर्ष लगाएर २०७७ असार ७ मा दिएको सात वर्षको प्रावधान थियो त्यसलाई जस्ताको तस्तै राख्नुपर्थ्यो। हामीकहाँ गरिबी पनि छ,' उनले भने, 'रोजगारीको समस्या पनि छ। गरिबी र लोभ लालचको कारणले धर्म परिवर्तन पनि गरीएको अवस्था छ। नागरिकताको लागि पनि मानिसहरु लोभ, लालचमा परेर कतिपय प्रभावित हुने हो कि भन्ने चिन्ता हुनसक्छ।' उनले नेपालमा गरिबी र रोजगारीको समस्या भएका कारण लोभ, लालचमा परेर नागरिकता वितरण हुनेतर्फ सचेत गराए।

## वैवाहिक अंगीकृतमा ७ वर्षे प्रावधान हटाउने कारण छैन : नारायणकाजी

काठमाडौं। नेकपा माओवादी केन्द्रका नेता नारायणकाजी श्रेष्ठले नागरिकता सम्बन्धी विधेयक अल्पमतको विचार लागू हुने गरी ल्याइएको टिप्पणी गरेका छन्। सोमबारको राष्ट्रिय सभा बैठकमा नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक २०७९ माथि छलफलका क्रममा बोल्दै श्रेष्ठले राज्य व्यवस्था समितिले बहुमतले पारित गरेको विधेयक सरकारले फिर्ता गरेको भन्दै असन्तुष्टि व्यक्त गरे। 'सरकारले प्रतिवेदन अनुसारको विधेयक फिर्तालिने, फिर्ता लिइसकेपछि अल्पमतको विचार लागू हुनेगरी कानूनी व्यवस्था गर्न विधेयक प्रस्तुत गर्ने यो चलन हामीले चलायौं भने लोकतन्त्र अत्यन्तै कमजोर हुन्छ।संसदीय मान्यता कमजोर हुन्छ। त्यसैले यो कोणबाट गलत छ' उनले भने।

नेता श्रेष्ठले वैवाहिक अंगीकृत नागरिकताको लागि ७ वर्षे प्रावधान हटाउनुपर्नेकुनै कारण नभएको धारणा राखे। उनले भने, '७ वर्ष वैवाहिक अंगीकृत नागरिकता महिलालाई दिने प्रावधान थियो, त्यो हटाउनुपर्ने कुनै कारण थिएन। त्यसमा पनि विचार पुर्‍याइएन भन्ने मेरो ठहर छ।'

राष्ट्रिय सभा सदस्य श्रेष्ठले नेपाली महिलाले विदेशी पुरुषसँग विवाह गरी नेपालमा बसोवास गरेमा कुनै प्रावधान राखेर नागरिकता दिनुपर्ने बताए।

'नेपाली नागरिकले विदेशी नागरिक पुरुषसँग विवाह गरेको अवस्थामा कुनै प्रावधान नै नराख्ने ? यहाँ बस्न खोज्यो, यहाँ नागरिकता लिन खोज्योभने मापदण्ड हुनसक्ला तर प्रावधान नै नराख्ने कुरा महिलामाथि ठूलो अन्याय हो यो। त्यसकारणले यस बारेमा पनि प्रावधान खोल्नुपर्छ' उनले भने।

## कल सेन्टरमा प्रहरीलाई छापा, ७ महिला पक्राउ

काठमाडौं। काठमाडौंको तीनकुनेमा कल सेन्टरमा छापा मार्न रोक्न खोज्ने ७ जना महिलालाई प्रहरीले पक्राउ गरेको छ। चिनियाँ नागरिकले सञ्चालन गर्दै आएको गैरीगाउँको कल सेन्टरमा जिल्ला प्रहरी परिसर, काठमाडौंको टोली छापा मार्न पुगेको थियो। प्रहरीको अनुसार ती महिलाहरुले अभद्र व्यवहार गर्दै छापा मार्न अवरोध गरेका थिए। ती महिलाहरुलाई गौशलामा लगिएको प्रहरीले जनाएको छ। विशेष सुचनाको आधारमा पुगेको प्रहरीले सेन्टरबाट ल्यापटप लगायत विद्युतिय उपकरणहरु बरामद गरेको छ। हिजो बुटबलमा चिनियाँ नागरिकले चलाएका कल सेन्टर बुटवलमा प्रहरीले छापा मारेको थियो।

## अवैध लागूऔषध सहित पक्राउ तथा बरामद

काठमाडौं महानगरपालिका १७ ईन्द्रायणी मन्दिर पुलबाट करिब ८ सय २० ग्राम अवैध लागूऔषध चरेश जस्तो देखिने पदार्थ सहित काठमाडौं महानगर पालिका(१३ कालिमाटी बस्ने दोलखा शैलुङ गाउँपालिका ८ घर भएका १८ वर्षीय किशोरलाई आइतबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। प्रहरी वृत्त लैनचौरबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो।

सिरहा, धनगढीमाई नगरपालिका(६ मोथियाही बस्ने २६ वर्षीया शुसिला कुमारी यादवलाई करिब ३ किलो ३ सय ग्राम अवैध लागूऔषध गाँजा सहित आइतबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। उनको घरमा लागूऔषध गाँजा लुकाई राखेको भन्ने खबर प्राप्त हुनासाथ लागूऔषध नियन्त्रण ब्यूरो काठमाडौं र ईलाका प्रहरी कार्यालय धनगढीबाट खटिएको प्रहरीले उनको घर तलासी गर्दा उक्त गाँजा फेला पारी पक्राउ गरेको हो।

सर्लाही, लालबन्दी नगरपालिका १६ मिलन चोकस्थित जंगल नजिक बा.६ च ८६६६ नम्बरको पिकअप गाडीबाट करिब ४५ किलोग्राम अवैध लागूऔषध गाँजा आइतबार राति प्रहरीले बरामद गरेको छ। अस्थाई प्रहरी पोष्ट परवानीपुरबाट खटिएको प्रहरीलाई देख्नासाथ उक्त स्थानमा गाडी छोडेर चालक फरार भएपछि गाडी जाँच गर्दा उक्त परिमाणको गाँजा फेला परेको हो। हाल फरार गाडी चालकको प्रहरीले खोजी गरिरहेको छ। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## गायिका दिलमाया सुनार हत्या आरोपी श्रेष्ठ कारागार चलान

काठमाडौं। लोकदोहोरी गायिका दिलमाया सुनारको हत्या अभियोगमा उनका प्रेमी खिलबहादुर श्रेष्ठलाई जिल्ला अदालत काठमाडौंले पुर्पक्षका लागि थुनामा पठाएको छ। आइतबार न्यायाधीश कृष्णजंग शाहको इजलासमा भएको थुनछेक बहसपछि श्रेष्ठलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको हो। गत असार ११ गते काठमाडौंको नेपालटारस्थित डेरामा गायिका दिलमाया सुनार मृत अवस्थामा भेटिएकी थिइन्। त्यसपछि प्रहरीले उनका प्रेमी श्रेष्ठलाई पक्राउ गरेको थियो।

# अन्तराष्ट्रिय समाचार

## भारतको १५औँ राष्ट्रपतिमा चुनिएकी द्रौपदी मुर्मूद्वारा शपथ ग्रहण

भारतको १५औं राष्ट्रपतिमा चुनिएकी द्रौपदी मुर्मूले सर्वोच्च संवैधानिक पदको शपथ ग्रहण गर्नु भएको छ। द्रौपदी मुर्मूलाई सर्वोच्च अदालतका प्रधान न्यायाधीशले शपथ खुवाउनु भएको हो। मुर्मू आदिवासी समुदायबाट राष्ट्रपति बन्ने पहिलो महिला बन्नु भएको छ। सत्तारुढ भारतीय जनता



पार्टीको तर्फबाट राष्ट्रपति पदको उम्मेदवार मुर्मूले विपक्षी दलका यसवन्त सिन्हालाई पराजित गर्दै विजयी हुनुभएको हो। सन् १९५८ को जुन २० तारिखमा ओडिशाको मयुरभञ्ज जिल्लाको उपरबेडा गाउँमा जन्मिएकी उहाँ झारखण्डको अल्पसङ्ख्यक सन्थाल जनजातिबाट प्रतिनिधित्व गर्नुहुन्छ। उहाँले सन् २०१५ देखि सन् २०२१ सम्म झारखण्ड राज्यको नवौं राज्यप्रमुखको रूपमा काम गर्नुभएको छ। पारिवारिक जीवनमा निकै सङ्कट भोगेकी मुर्मूले ४ वर्षको अवधिमा श्रीमान् र २ जना छोरा गुमाउनुभएको थियो।

## पूर्वराष्ट्रपति राजापाक्षेलाई पक्राउ गर्न माग

देशबाट भागेर माल्दिभ्स हुँदै सिङ्गापुर पुगेका श्रीलङ्काका पूर्वराष्ट्रपति गोटावाया राजापाक्षेलाई पक्राउ गर्न माग गर्दै सिङ्गापुरमा उजुरी दर्ता भएको छ। श्रीलङ्कामा दशक लामो गृहयुद्धका क्रममा राजापाक्षेले दमन गरेको भन्दै उहाँलाई पक्राउ गर्न एक अधिकारवादी समूहले सिङ्गापुरको महान्यायाधिवक्ताको कार्यालयमा उजुरी दिएको समाचार संस्था रोयटर्सले जनाएको छ। इन्टरनेशनल ट्रुथ एन्ड जस्टिस प्रोजेक्ट संस्थाले दर्ता गराएको उजुरीमा पूर्वराष्ट्रपति राजापाक्षे रक्षा प्रमुख भएको बेला सन् २००९ मा आम नरसंहार र मानव अधिकारका थुप्रै घटना भएको आरोप लगाइएको छ।

गोटाबाया राजापाक्षेको परिवार नै सत्तामा रहँदा देशको आर्थिक अवस्था टाट पल्टिएको भन्दै प्रदर्शनकारीले राष्ट्रपति निवास कब्जा गरेपछि उहाँ भागेर माल्दिभ्स जानुभएको थियो। माल्दिभ्स गएको तीन दिनपछि यही जुलाई १३ तारिखमा राजापाक्षे सिङ्गापुर जानुभएको थियो। राजापाक्षेले सिङ्गापुरबाटै राजीनामा दिएपछि भएको चुनावमा रनिल विक्रमासिङ्घे राष्ट्रपतिमा निर्वाचित हुनुभएको छ।

## मङ्कीपक्स प्रकोप : विश्वब्यापी स्वास्थ्य आपतकाल घोषणा

विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ) ले मङ्कीपक्सको प्रकोपलाई विश्वव्यापी स्वास्थ्य आपतकालको घोषणा गरेको छ।

मङ्कीपक्स विश्वभर प्रकोपकै रुपमा फैलिएको भन्दै डब्ल्यूएचओले आपतकालका रुपमा घोषणा गरेको हो। डब्ल्यूएचओका महानिर्देशक डा. टेड्रोस अड्हानोम गेयब्रेसेसका अनुसार ७५ देशमा १६ हजारभन्दा धेरै जनामा मङ्कीपक्सको सङ्क्रमण पुष्टि भइसकेको छ।

डब्ल्यूएचओका अनुसार मङ्कीपक्सका कारण अहिलेसम्म विश्वभर पाँच जनाको ज्यान गएको छ। सङ्क्रमण देखिएका देशमा यसको प्रकोप रोक्न र जोखिममा परेकालाई जोगाउन आवश्यक कदम चाल्नुपर्नेमा डब्ल्यूएचओले जोड दिएको बीबीसीले जनाएको छ। त्यसका लागि डब्ल्यूएचओले आवश्यक तयारी र पहल भइरहेको पनि जनाएको छ। बिफर रोग लाग्ने प्रजातिको भाइरसबाटै मङ्कीपक्सको सङ्क्रमण हुने गर्छ। सङ्क्रमितमा ज्वरो आउने, जिउ सुन्निने, ढाड, टाउको र मांसपेशी दुख्ने गर्छ। सङ्क्रमण भएको केही दिनमा अनुहारमा बिमिराहरू देखा पर्न थाल्छन्। तर यो भाइरस एक मानिसबाट अर्को मानिसमा सहजरूपमा भने सर्दैन। सङ्क्रमित जनावरहरू जस्तै बाँदर वा मुसाको सम्पर्कबाट यो भाइरस सर्न सक्छ। यसको कुनै खोप नभए पनि बिफरको खोप ८५ प्रतिशत प्रभावकारी रहेको पनि डब्ल्यूएचओले जनाएको छ। मङ्कीपक्सबाहेक अहिले कोरोना भाइरस र पोलियो उन्मूलनसम्बन्धीमा विश्वव्यापी स्वास्थ्य आपतकाल लागू गरिएको छ।

## अफगानिस्तानमा सरकार र सरकारी कर्मचारीको आलोचना गर्न नपाइने

अफगानिस्तानमा तालिबान सरकार र सरकारी कर्मचारीको आलोचना गर्न नपाइने भएको छ। तालिबान सरकारले नयाँ आदेश जारी गर्दै कुनै पनि प्रमाणविना तालिबान सरकारका अधिकारी, सेना र सरकारी कर्मचारीमाथी आरोप लगाएमा दण्डनीय अपराध मानिने उल्लेख भएको भारतीय एनडीटीभीले जनाएको छ। प्रमाणित नभएका विषयमा हाउभाउ, शब्द या कुनै पनि किसिमले सरकारको आलोचना गर्न नपाइने आदेशमा उल्लेख छ। तालिबानका सर्वोच्च नेता हेबतुल्लाह अखुन्जादाको आदेश उल्लेख गर्दै प्रवक्ता जबिउल्लाह मुजाहिदले भन्नुभएको छ, 'नयाँ आदेश पालना गर्न सबै अफगानिस्तानीको कर्तव्य हुने छ, सञ्चारमाध्यमले पनि अप्रमाणित विषयमा सरकारको आलोचना गरिएका सामग्री प्रकासन/प्रसारण गर्न पाइने छैन।'

अफगानिस्तानमा महिला अधिकार र बालिकाको शिक्षामा बन्देज लगाइएको बारे विज्ञहरुले सरकारको आलोचना गर्दै आएका छन्, अब यस्ता आलोचना पनि गर्न पाइने छैन। तालिबान सरकारले अहिले पनि सामाजिक सञ्जालमार्फत सरकारको आलोचना गरेको भन्दै केही व्यक्तिलाई पक्राउ गरिरहेको मानवअधिकार संगठन र सञ्चारमाध्यमका गोप्य रिपोर्टमा उल्लेख छ।

## सुडानको ब्लु नाइल राज्यमा भएको झडपमा एक सयभन्दा धेरै जनाको ज्यान गयो

सुडानको ब्लु नाइल राज्यमा भएको झडपमा परि १ सय ५ जनाले ज्यान गुमाएका छन्। त्यहाँ भएको जातीय दङ्गामा झन्डै तीन सय जना घाइते भएका ब्लु नाइल राज्यका स्वास्थ्य मन्त्रीलाई उदृत गरी समाचार संस्था एएफपीले जनाएको छ। गएको जुलाई ११ मा बर्ती र हाउसा जातीय समूहका सदस्यहरूबीच इथियोपिया र दक्षिण सुडानसँगको सिमानामा दङ्गा भएको थियो। स्वास्थ्य मन्त्री जमाल नासरले अहिले दङ्गाको अवस्था केही शान्त भएको बताउनुभएको छ। त्यहाँ सेनाको तैनाथी छ।

दशकौंको गृहयुद्धबाट बाँकी रहेका हतियारले भरिएको सुडानका कतिपय क्षेत्रमा जमिन, गाईबस्तु, पानी र चरनको विषयलाई लिएर पटक पटक झडपका घटना हुने गरेका छन्।

# स्वास्थ्य

## बर्खायाममा कस्तो खानेकुरा खाने ?

सम्झना विक

काठमाडौं । अहिले बर्खायाम चलिरहेको छ । यो बेला छिनछिनमा मौसम बदलिरहन्छ । जसकारण एकछिन अगाडि गर्मी हुँदा लगाएको लुगा पानी परेर मौसम चिसो भएसँगै अनुकूल नहुन सक्छ । पहिरनमा जस्तै बर्खायाममा खानामा पनि सचेत हुनुपर्ने अवस्था आउँछ ।

घाम लाग्ने, पानी पर्ने जस्तो मौसम भइरहँदा खानेकुरा खाँदा सर्तकता अपनाउनुपर्छ । यस्तो बेलामा खानपानमा सतर्कता नअपनाउँदा विभिन्न स्वास्थ्य समस्या आउन सक्छन् । पोषण्विद् मनसा थापा ठकुराठी भन्छिन्, 'यो बेलामा छिटो संक्रमण फैलिने भएकाले बासी खानालाई परहेज गर्नुपर्छ ।'

पानी धेरै पर्ने भएकाले यो बेला मौसम ओसिलो भइरहन्छ । जसकारण तिर्खा पनि कम लाग्छ र आवश्यक पानीको परिपूर्ति शरीरमा हुन पाउँदैन । त्यसैले बर्खायाममा प्रशस्त मात्रामा पानी पिउन पोषणविद् ठकुराठी सुझाउँछिन् ।

यो बेला ढिलो पच्ने, तेलमा तारेका खानेकुरा, बढी मसलाजन्य, चिल्लो पदार्थ बढी भएको खाना, मिठाइ लगायत एकदमै कम खानुपर्छ । यो मौसममा आर्द्रता बढी हुने कारण यी खानेकुराले शरीरमा पसिना धेरै आउने हुन्छ । यो बेला पाचनप्रणाली पनि तुलनात्मक रुपमा कम हुन्छ । त्यसैले शरीर अनुकूल खानेकुरा खानु राम्रो हुने ठकुराठी बताउँछिन् ।

'गर्मी मौसमको खानेकुरा हलुका हुनुपर्छ, यो समयमा शरीरलाई खाना पचाउन गाह्रो हुन्छ । शरीरको तापक्रम बढाउने खानेकुरा बन्द गर्नुपर्छ,' उनी भन्छिन्, 'फोहोर वातारवरण तथा फोहोर पानी र खानाले हैजा, आउँ, झाडापखाला जस्ता रोगले सताउन सक्छन् । यो बेलामा सर्तकता अपनाएर खाना खाइएन भने अरु संक्रमण बढाउँछ ।'


पोषणविद् ठकुराठीले बर्खायाममा कस्तो खानेकुरा खानुपर्छ भनेर यसरी सुझाव दिएकी छन् :

दूधजन्य खानेकुरामा जोड

बर्खायाममा दही सबैभन्दा राम्रो दूधजन्य पदार्थ हो । दहीले पाचनशक्ति पनि बढाउँछ भने स्वास्थ्यमा अन्य हिसाबले पनि राम्रो गर्छ । तर दही सेवन बिहान र दिउँसो मात्रै गर्नुपर्छ । बेलुकी दही खाँदा चिसो लाग्न सक्छ ।

दहीसँगै मोही पनि स्वास्थ्यका लागि उत्तिकै राम्रो हुन्छ । यसमा भरपुर प्रोटिन र पानीको समिश्रणले शरीरलाई फूर्तिलो बनाउँछ ।

गर्मी गराउने खानेकुराबाट टाढा



बर्खायाममा मांसाहारी भन्दा शाकाहारी खानाले शरीरको तापक्रम सन्तुलनमा राख्न सहयोग गर्छ । शरीरलाई शीतलता प्रदान गर्ने सागसब्जी, सलाद खाँदा लाभदायक हुन्छ । धार्मिक परम्परा अनुसार कतिपय व्यक्तिले असार चर्तुमास सुरु भएदेखि साउन महिनाभरि माछामासु खाँदैनन् । यो स्वास्थ्यका लागि फाइदाजनक नै हुन्छ । यो मौसममा माछा, मासु, अण्डा र अन्य मासुजन्य खानेकुरालाई कम गरेकै राम्रो हुन्छ । कुखुराको मासु, उसिनेको वा पोज बनाएको अण्डा, माछा यो मौसममा खान मिल्ने मांसाहारी खानेकुरा हुन् । खसी, बंगुर र बँदेलको मासुले शरीरको तापक्रम बढाउने भएकाले यसलाई कम गर्नु राम्रो हुन्छ ।

मौसमी फल खाने

मानव शरीरलाई अन्य खाना जस्तै फलफूल पनि अति आवश्यक तत्व हो । फलफूलमा प्रशस्त पानी र फाइबर हुन्छ । यसले पाचन प्रणालीलाई फाइदा गर्छ ।

बर्खायाम आँपको सिजन पनि भएकाले यो बेला अत्यधिक मात्रामा आँप खाने गरिन्छ । तर आँप गर्मी गराउने फल हो । त्यसैले आँप खाँदा सिधै खानु भन्दा आपँको मुखलाई काटेर एकदेखि दुई घण्टा आधा डुब्ने गरेर पानीमा घोप्टो पारेर राखेर खानुपर्छ । यसरी खाएको आँपले शरीरलाई शीतल दिन्छ ।

जमुना, आलुबखडा, चेरी, नास्पाती लगायतका फलफूल तथा हरियो मकै खानु फाइदाजनक हुन्छ ।

कोल्ड ड्रिंक्सबाट टाढा

पहिला गाउँघर होस् वा सहरमा गर्मी मौसममा कागतीको सर्बत, दही, मोही खाने चलन थियो । तर आजभोलि यी कुरालाई बेवास्ता गर्दै शरीरलाई शीतल दिने निहुँमा कोल्ड ड्रिंक्स पिउने संस्कार बसेको छ । कोल्ड ड्रिंक्समा प्रशस्त मात्रामा चिनी र अत्यधिक केमिकलको प्रयोग हुन्छ । यसले शरीरलाई बेफाइदा गर्छ ।

त्यसैले गर्मी छल्नका लागि बोत्तलमा बन्द गरिएका पेय पदार्थ खान सकेसम्म बन्द गर्नुपर्छ । दूधजन्य पेय पदार्थ पहुँचमा नभए पानीमा मिश्री र कागती घोलेर खानु हितकारी हुन्छ ।

गर्मीमा मःम राम्रो हुँदैन

खाजामा मःम नखाने नेपाली सायदै होलान् । तर मःम गर्मी तथा बर्खायाममा त्यति फाइदाजनक हुँदैन, यसले गर्मी बढाउँछ । जाडो मौसमका लागि मःम एकदमै राम्रो हुन्छ । तर गर्मीमा नियमित मःम खाँदा पाचन प्रणालीमा समस्या आउन सक्छ ।

# कोमाबाट बाहिरिएपछि (दोस्रो जन्म)

-विनोदकुमार श्रेष्ठ

'हेलो..! ओ हेलो..!'मेरो आँखा खुल्ने बित्तिकै....।



'तपाईंलाई भेटन सबैभन्दा पहिला कसलाई बोलाऊँ ? सुन्नुभएन ?हेलो..! ओ हेलो..! कसलाई बोलाऊँ तपाईंसँग भेट्न ?भन्नुस् न ? हेलो..! ओ हेलो..!'

म ट्वाल्ल हेरिरहेको थिएँ । मेरो कानमा यस्तै ध्वनि गुन्जिरहेको थियो । आँखाले पूरै अन्धकार देखिरहेको थिएँ म ।

धेरै बेर झक्कझक्याए पछि मैले थाहा पाएँ, त्यो प्रश्न थियो मेरा लागि । तर प्रश्न कसका लागि हो ? किन हो ? भेउ पाउन सकिरहेको थिइनँ मैले । म अझैं ट्वाल्ल परिरहेको थिएँ ।

धेरै बेरसम्म एउटै प्रश्न दोहोर्याइएपछि सुस्तरीभनें-'आमालाई ।'

म कहाँ छु भन्ने मलाई थाहाँ थिएनँ । न मैले राम्ररी आँखा खोल्न नै सकिरहेको थिएँ । बोली निस्कनु त पर जाओस् । बल्लबल्ल 'आमालाई' भनेको थिएँ स्वासले मात्र ।

'आमालाई' त भनें तर आमा कहाँ हुनुहुन्थ्यो मलाई थाहाँ थिएनँ । म एकोहोरिएको थिएँ । ट्वाल्ल ।

'आमा हुनुहुन्न अरु कोही ?' प्रश्न थियो फेरी । म केही बोलिनँ ।म केही नबोले पछि मेरो फुपू छिर्नु भयो । फुपूले बोलाउनु भयो -'बाबु ! बाबु विनोद ! आँखा खोल बाबु ।' धेरै बेरसम्म उहाँले एउटै शब्द दोहोर्याउनुभयो ।

मैले बल गरेर आँखा खोलें । उहाँको धमिलो आकृति थियो । दुर्घटना पछिको यो चौथाँ दिन थियो । त्यतिबेला म दोस्रोपटक जन्मिएको थिएँ ।आमाको गर्भबाट एक पटक र दुर्घटनामा मरेर फेरी दोस्रोपटक ।म अस्पतालमा रहेछु । म अर्धहोसमा थिएँ । सत्य के हो?भ्रम के हो ? मैले छुट्याउन सकिरहेको थिइनँ ।

चार दिनमा म पहिलोपल्ट ब्युँझेको थिएँ । बिउँझदा म उत्तानो अवस्थामा रहेछु । नर्सले मेरो हात समातिरहेकी थिइन् । बारम्बार हात फाल्ने र स्लाइन चुडाउने भएपछि मेरो हात समाउनु परेको रहेछ। शरीरभरि औषधि चढाउने अनेकन तारहरू जेलिएका थिए भने पिसाबको लागि पनि पाइप जोडिएको थियो ।

न्युरोलोजिस्ट डा. मोहनराज शर्मा बारम्बार मलाई प्रेमपूर्वक बोलाउँथे । उनको आवाज सुने पनि मेरो मुखबाट शब्द निस्किरहेको थिएन । म कहाँ छु, मलाई के भइरहेको छ ? केही थाहा थिएन । नयाँ दुनियामा अवतरण भइरहेको जस्तो महसुस भइरहेको थियो ।

म चलमलाए पछि डाक्टरको एक हूल 'थ्यांग्स गड' भन्दै म कहाँ आउथे । अझैसम्म डाक्टरहरू अन्तिम निष्कर्षमा पुग्न सकेका थिएनन् रे, म बाच्छुँ कि बाच्दिनँ भन्ने । मेरो होस फर्केपछि पुरानै अवस्थामा आउँछु कि आउँदिनँ भन्ने । म बेसुरमा बोलेजस्तो गर्थें । चलमलाइरहन्थें ।

मेरो टाउकोमा चोट लागेको रहेछ । मेरो ढाँड भाच्चिएको थियो । ढाँडको सघन शल्यक्रिया गर्नुपरेको रहेछ । कस्तो अवस्थाबाट गुज्रिएको वर्णन गर्न पनि गाह्रो भइरहेछ यहाँ ।

होस फर्केपछि म रिसाइरहन्थें । 'मलाई के भएको हो ?' सोधिरहन्थें । सामान्य उपचार पछि ठीक हुन्छ भन्थे सबैले तर म मेरो शरीरको अवस्था देखेर तेस्तो पाउँदिनथें । छ दिनको दिन मलाई सामान्य बेडमा सारे । तेही दिन मुखमा पहिलोपटक तरल पदार्थ परेको थियो । पानी अनि सुप । मलाई दुवै पानीजस्तो लाग्यो । मलाई केही खानै मन लागेको थिएनँ तर मलाई सबैले खुवाउनको लागि निकै प्रयास गरे ।

सात दिनको दिन पहिलो पटक मैले मुख चलाउँदै थिएँ जाउलो खानका लागि । त्यसको स्वाद कस्तो थियो म वर्णन गर्न सक्दिनँ । कोमा पछिको पहिलोपटक मुख चलाउँदा अनौठो लागेको थियो । मेरो जिब्रोले स्वाद ठ्याक्कै निर्क्योल गर्न सकेनँ । मलाई वाक्क वाक्क आउला जस्तो भयो ।

डाक्टरहरु छिनछिनमा आइरहन्थे । म डाक्टरलाई सोध्थें-'म कहिले ठिक हुन्छु ? मैले कहिले हिन्न पाउँछु ?'डाक्टरले दिने उत्तर एउटै हुन्थ्यो- 'चाडै ठिक हुन्छौ । भर्खर त कोमाबाट बाहिर आएका छौ ।' म अवोध शिशुझैं याचनाको स्वरमा भन्थें -'म पहिले जस्तो त बन्छु नि डाक्टरसाप् !'

'अवस्य । अब छिट्टै निको हुन्छौ ।'डाक्टर उही उत्तर दोहोर्याउँथे ।

बिहान, दिउँसो र बेलुकी खानुपर्ने औषधि अनेक प्रकारका थिए । अनेकन रंग र आकारका थिए । सबैऔषधि उस्तै लाग्थ्यो । जबर्जस्ती आँखा चिम्म गरेर निल्नुको विकल्प थिएन । किनकि मलाई बाँचेर पहिलेजस्तै हुनु थियो ।

मलाई आफ्नो हाल देखेर अचम्म लागेन । किनकि छेउका अरू बिरामी पनि मेरैजस्तो हालमा थिए । कोहीको हात बाँधिएको थियो, कोहीको खुट्टा । कसैको शरीर पट्टीले छोपिएको थियो । कसैको शरीर तारहरूले जेलिएका थिए । तर म थोरै फरकमा थिए । मेरा कम्बर भन्दा मुनीको भाग पनि चलिरहेको थिएन ।

म आफैले आफैलाई हेर्ने अवस्थामा पनि थिइनँ । शरीरको तानामाना तेसको लागि बाधक बनेको थियो । बाहिरबाट शरीर छाम्दा शरीरको हड्डी कुन कता कस्तो अवस्थामा छ ठ्याक्कै थाहा हुन्थ्यो । खुट्टामा नली हाड मात्रै थियो । तिग्राको मासु वृद्ध मान्छेको जस्तो लत्रिएको थियो । कंकालबाहिर छाला टाँसेजस्तो थियो कम्बर भन्दा मुनीको भाग । मासु एकातिर हड्डि एकातिर । न छोएको नै थाहाँ हुने ।

मलाई भेट्न आउने क्रम सुरु हुन भयो । आफन्तहरुको घुइँचो लाग्न थाल्यो । अफिसतिरका पनि आए । जसलाई देख्थें, चिनेको जस्तो लाग्थ्यो । भेटेको जस्तो लाग्थ्यो । तर नाम भने बिर्सन्थें । स्मरणशक्ति निकै कमजोर भएको थियो । जो आए पनि एउटै कुरा सोध्थे-'कस्तो छ ?' मैले दिने उत्तर पनि एउटै हुन्थ्योटाउको हल्लाएर सङ्केतको भरमा -'ठीकै छु । मरेर बाँचें ।'

कोहीकोही नजिकै आएर? चिनिस् भनेर सोध्थे । म सम्झिन हर प्रयत्न गर्थें । केही मिल्थे, केही मिल्दैनथे । उनको अकृति हेर्दा देखे-जानेजस्तो लाग्थे । चिने पनि नचिने पनि म टाउँको हल्लाएर चिनेको जस्तो गर्थें ।

दुर्घटना पछिका दिनमा धेरै कुरा फेरिएको थियो । शरीरको । सोच्ने, बोल्ने र तर्क गर्ने तरिका । जिब्रोले थाहा पाउने स्वाद । अनि मेरो कानले सुन्ने आवाज ।

जनकपुर विद्युतप्राधिकरणको इलेक्ट्रोनिक काम सकेर काठमाडौंतिर लाग्दा म दुर्घटनामा परेको थिएँ । तेतिखेर बेलुकाको पाँच बजेको हुँदो हो । हाम्रो कारमा जम्मा तीनजना थियौँ । म, विमलसर र विमल सरको बुबा ।

म आफैँले चलाएको थिएँ कार । जनकपुरबाट काठमाडौं आइपुग्न कति समय लाग्छ, मलाई थाहा थिएन । मलाई चिन्ता लागेको थियो, मधेसमा बलेको आगोबाट कसरी बच्ने र काठमाडौं पुग्ने ! जनकपुरको अस्तव्यस्त सडक र बस्तीहरूबाट सूर्य अस्ताउँदै थियो । हामी समथर फाँट, गल्ली र बस्तीहरूबाट अस्ताउन लागेको सूर्यको प्रकाशसँगै अघि बढिरहेका थियौं । बर्दिबास जङ्गलमा आइसकेपछि मैले चलाएको कार र विपरीत दिशाबाट आएको बस ठोक्किन लाग्दा मैले बचाएँ । तर मेरो कार सडक छाडेर जङ्गलतिर गयो ।

आफू बाँच्ने र अरूलाई बचाउने प्रयास गर्दागर्दै मैले चलाएको कार जङ्गलको रूखको चेपमा घुस्रन पुग्यो । मैले काठमाडौं लगेर बनाउन भनी हालेको यूपिएसले मेरो मेरुदण्डमा नराम्ररी ठक्कर दियो । त्यसपछि के भयो मलाई थाहा भएन । म बेहोश अवस्थामा इन्तु र चिन्तु भएर ढलिरहेँछु । त्यसबेला म कसरी बाँचें । अरू दुईजना बाँचे कि बाँचेनन्, मलाई अत्तोपत्तो भएन ।

मलाई यो यथार्थ स्विकार्न निकै गाह्रो परेको थियो । म नचाहेको बाटो रोज्न बाध्य भइसकेको थिएँ । मेरो जीवनको गोरेटो फाटिसकेको थियो । त्यो समयको खटन थियो, मेरो होइन । त्यही एउटा दुर्घटनाले मेरो सम्पूर्ण जीवन ध्वस्त पारिदियो । जीवनयात्रा बदलिदियो । आज ती कुरा कल्पनाझैं लाग्छ मलाई । तर त्यो कल्पना होइन, यो यथार्थ थियो । परिवर्तनशील यो समाजमा हरेक वस्तु परिवर्तनशील छ । मेरो सग्लो शरीर समयले खाइदियो । समयको खटनपटनमा चल्न म बाध्य भएँ । त्यही एउटा दुर्घटनाको परिणामले मेरो सम्पूर्ण जीवनडुङ्गा पल्टियो । मेरा सारा सपना चकनाचुर भए ।

एउटा दुर्घटनाले कसरी जिन्दगीको नाप र नक्सा बदलिदिन्छ ? २४ चैत्र ०७३पछिको अस्पताल बसाइमा मैले जीवनको नयाँ अध्याय देखें । जनकपुरको विद्धुत प्राधिकरणको काम सकेर काठमाडौं अफिस फर्कने क्रममा मैले चलाएको कार सडक छाडेर वनतिर पसेको थियो । त्यसपछि जे भयो, त्यो मेरो कल्पनाबाहिरको थियो । दुर्घटनामा मसहित ३ जना थियौं । म भनें गम्भीर घाइते भएको थिएँ । अरु २ जना सामान्य घाइते भएछन् । पछि उनीहरु आफै मलाई भेट्न आए सामान्य उपचार पछी । मलाई कसरी अस्पताल पुर्याइयो । अस्पतालमा को-को भेट्न आए ? को-को मनकारीले सहयोग गरे ? अस्पतालबाट डिस्चार्ज भएपछि मात्रै थाहा पाएँ ।

## कविता

पिरै पिरमा
के भयो मेरो मन
छैन थिरमा ।

पानी दर्कियो
बाहिर जानलाई
मनै थर्कियो ।

लाग्यो असार
धान रोप्न किसान
गर्छन् हतार ।

सिप चलाइ
मानो खाइ किसान
मुरी फलाइ ।

पानी परेसी
भेटघाट हुन्छ है
बेंसी झरेसी ।

देशै भरिमा
पानी पर्यो निर्माया
बर्खे झरीमा ।

बर्खा मासैमा
धान रोपी किसान
बस्छन् आसैमा ।

बाढी पहिरो
यो मनमा पीर त
पर्यो गहिरो ।

जेठ असार
किसानलाई हुन्छ
सधैं हतार ।

बाटो हिलो छ
सकिएन निस्कन
माटो गिलो छ ।



-सुशीला ढकाल अधिकारी ' श्री'

# सिप्रदी लोकोन्याभ बजारमा

काठमाडौं । नेपालको अटोमोबाइल उद्योगको अग्रणी कम्पनी सिप्रदी ट्रेडिङ्ग प्रा. लि. ले लोकोन्याभ नेपालीबजारमा बिक्री वितरण सुरु गरेको छ। लोकोन्याभ उत्कृष्ट फ्लिट म्यानेजमेन्ट सोलुसन हो जसले गाडीहरुलाई प्रभावकारी रूपले व्यवस्थापन गर्न मद्दत पुर्याउछ। गाडीको ट्र्याकिङ, इन्धन सुपरिवेक्षण र भिडियो टेलिम्याट्रिक्स जस्ता प्रयोजनका लागि लोकोन्याभ अन्यन्त उपयुक्त छ।

सिप्रदी ट्रेडिङ्ग प्रा. लि. ले सुरुवाती दिनदेखि नै आफ्ना ग्राहकहरुको वृहतहितलाई ध्यानमा राखी अटोमोटिभ एवं सो सम्बन्धित व्यापारको क्षेत्रमा आफूलाई सशक्त ढंगले अगाडि बढाईरहेको छ। यसै परिप्रेक्षमा कम्पनीले लोकोन्याभ नेपाली बजारमा ल्याएको छ जसले गाडीको सही व्यवस्थापन गर्न ठूलो सहयोग गर्नेछ, सिप्रदी ट्रेडिङ्ग प्रा. लि. का प्रमुख कार्यकारी अधिकृत राजनबाबु श्रेष्ठ भन्नुहुन्छ। यस लोकोन्याभ प्लेटफर्म मार्फत सिप्रदीले नेपालको गाडी व्यवस्थापन प्रणालीमा आमुल परिवर्तन गर्ने लक्ष्य राखेको छ।

यसैगरी लोकोन्याभका सहसंस्थापक श्रीधर गुप्ता भन्नुहुन्छ -हामी केहीदिनमा नै छैठौं वर्षमा प्रवेश गर्दैछौं र यसलाई हाम्रो नेपालस्थित सिप्रदीसँगको बलियो सहकार्यले अझ विशेष बनाउँदै छ।

हामी नेपाल जस्तो आर्थिक रुपमा उदियमान बजारमा उत्कृष्ट भन्दा उत्कृष्ट फ्लिट म्यानेजमेन्ट सोलुसन प्रदान गर्न प्रतिबद्ध छौं। लोकोन्याभ एक यस्तो सफ्टवेयर कम्पनीहो जुन विश्वका उदियमान एवं गतिशील बजारहरुका चालक एवं गाडी धनीहरुको फ्लिट म्यानेजमेन्टको पहुँचलाई सरल बनाउने तर्फ केन्द्रित छ। विश्वका ५० भन्दा बढी मुलुकहरुमा उपस्थिति भएको लोकोन्याभ एउटै प्लेटफर्मबाट गाडी संचालनको प्रभावकारी व्यवस्थापन गर्न सकिन्छ। नविन प्रविधिहरुको प्रयोगमा बनेको यस प्लेटफर्मले गाडीधनी र चालकहरुलाई कमभन्दाकम खर्चमा उच्च कार्यक्षमता हासिल गर्न सहयोग गर्दछ भनि सिप्रदीले उल्लेख गररेको छ।




locoNav | SIPRADI

# टाटा ग्रिन ब्याट्रिजको आधिकारिक वितरक स्याकरले पायो

काठमाडौं। नेपालको लागि होन्डा मोटरसाइकल र स्कुटरको आधिकारिक बिक्रेता तथा वितरक स्याकार ट्रेडिङ कम्पनी प्रालिलाई टाटा ग्रिन ब्याट्रिजको टू ह्विलर्स ब्याट्रिजको एचएमएसआई, एचएसपीपी र होण्डा मोटरर्सको आधिकारिक ओईएम वितरकको रुपमा नियुक्त गरिएको छ।




टाटा ग्रिन ब्याट्रिज, टाटा अटो कम्पनी जीवाई ब्याट्रिज प्रालिले उत्पादन गर्छरु। टाटा ग्रिन ब्याट्रिजका सीईओ रवि गुप्ताले टाटा ग्रिन ब्याट्री, टु ह्विलर्स ब्याट्रिजका भारतमा रहेका ठूला बिक्रेताहरुमध्ये एकमा पर्ने बताएको थियो।

होण्डा मोटरसाइकल र स्कुटर इन्डिया, टीभीएस, जाभा, सुजुकी मोटरसाइकलमा यसको ब्याट्री प्रयोग हुने गरेको छरु। स्याकार ट्रेडिङसँगको सहकार्यले कम्पनीले नेपालको बजार विस्तारलाई सहज बनाउने उनले बताए।

यस्तै स्याकार ट्रेडिङका अध्यक्ष सौरभ ज्योतिले टाटा ग्रुप कम्पनीसँग हात मिलाउनु स्याकार ट्रेडिङको इतिहासमा एउटा नयाँ चरम पुग्नुसरह हुने बताए।

कम्पनीको एक सय ५० बिक्रेताहरुको सञ्जालको महुचबाट नेपालको कुना कुनासम्म पनि होण्डा ग्राहकहरुसमक्ष टाटा ग्रिन ब्याट्रिज पुर्याउने उनले विश्वास दिलाएका थिए। पत्रकारहरुको बाक्लो उपस्थिति भएको कार्यक्रममा टाटा ग्रिन बयाट्रिजको प्रदर्शन गरिएको थियो।

# ललितपुरका नगर प्रहरीलाई राफ्ट इलेक्ट्रिक स्कूटर हस्तान्तरण

ललितपुर। आइएमई ग्रुपअन्तर्गत संचालित आइएमई इलेक्ट्रिक प्रा.लिद्वारा ललितपुर



महानगरपलिकालाई ५ थान राफ्ट इलेक्ट्रिक स्कूटरहरु हस्तान्तरण गरेका छ। स्कूटरहरु नगरपालिकाको एक कार्यक्रममा ललितपुर नगर प्रहरीलाई



हस्तान्तरण गरेका हो। आइएमई इलेक्ट्रिक प्रा.लि राफ्ट इलेक्ट्रिक स्कूटरहरु नेपालको लागि आधिकारिक बिक्रेता हो। नगरपालिकालाई हस्तान्तरण गरिएको राफ्ट वारिअर भारतमा उत्पादन भएको हो। एक पटक फुलचार्जेमा १०० कि मि.रेन्जसम्म गूड्न सक्ने कम्पनीले उल्लेख गरेको छ। अधिक्तम कि मि ,बलियो बनावट साथै आधिक पर्फर्मेन्स दिनसक्ने भएकले सो स्कूटरहरु खरिद गरिएअको नगरपालिकाले बताएको छ। भारतमा उत्पादित राफ्ट स्कूटर, वारिअर साथै टीस्टा, इण्डुस, नुब्रा, जिस्पासमेत नेपालमा उपलब्ध मोडलहरु हुन। किलेस स्टार्ट, रिमोट लक्किङ, रीवर्स गिएअर, थेफ्त अलर्म समेत रहेको छ। सेगमेटकै आधिक्तम ३२० कि मि रेन्ज दिन सक्ने स्कूटर पनि नेपाली बजारमा रहेको कम्पनीले बताएको छ। चिरिबाबुले नगर सुरक्षालाई व्यवस्थित गर्न र प्रभावकारी कार्यगर्न नगरप्रहरीलाई यसस्कूटर अझ सुबिधा हुने बताएका छन् नगर प्रमुखसिताराम हाछेथुले भने Quick response teamn ले सो स्कूटरहरुलाई प्रयोग गर्ने र निरन्तर नगर व्यवस्थापनमा खटिन मद्दत पुग्ने बताउँदै महानगरलाई धन्यवाद व्यक्त गरेका छन्।

कोभिड १९ को जोखिम पुनः देखा परेको छ ।

यसबाट बच्न र बचाउनः

- सही तरिकाले मास्क लगाऔं ।
- भेटघाट र जमघटमा कम्तिमा २ मिटरको दुरी कायम राखौं ।
- समय-समयमा साबुनपानीले हात धुने वा स्यानिटाइजर प्रयोग गरौं ।
- खोक्दा वा हाच्छिंयू गर्दा नाक मुख छोप्ने गरौं ।
- आफु बस्ने घर तथा कार्यालय लगायतको स्थानमा नियमित सेनेटाइज गरौं ।
- अनावश्यक भीडभाड नगरौं ।
- हावा ओहरदोहर नगर्ने स्थान र भीडभाडमा नजाऔं ।
- कोभिड १९ विरुद्ध खोप लगाउन बाँकी भए तत्काल लगाऔं ।
- कोभिडको लक्षण देखिएमा अरुलाई सर्न नदिनको लागि समयमा नै परीक्षण गरौं ।

समयमा नै सतर्क र सचेत बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागिः प्रकाशकः द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१–४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस